**उपभोक्ता हकको रक्षा गरौं**
- खरीद-बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको वस्तु बिक्री गर्नु,
- कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु,

जस्ता कार्य उपभोक्ताको हकविरुद्धका कार्य हुन्, यस्ता कार्य कानूनबमोजिम दण्डनीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस ०४ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 December 19 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १११

## पत्रकार महासङ्घलाई साझारूपमा हाँक्नेछु -अध्यक्ष खनाल

प्रस, वीरगंज, ३ पुस/

नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको हालै सम्पन्न निर्वाचनबाट निर्वाचित पदाधिकारी, सदस्य, प्रदेश परिषद् सदस्य र केन्द्रीय परिषद् सदस्यलाई बुधवार प्रमाणपत्र वितरण गरिएको छ।



प्रमुख निर्वाचन अधिकृत शत्रुघ्न नेपाल, निर्वाचन अधिकृत हरेराम सर्राफ र केन्द्रीय पर्यवेक्षक दीपन्द्र चौहानले माला पहिऱ्याएर प्रमाणपत्र वितरण गरेका थिए। नेपाल पत्रकार महासङ्घ, पर्साको गत मङ्सिर २८ गते सम्पन्न निर्वाचनबाट अध्यक्षमा ओमप्रकाश खनाल, उपाध्यक्ष भूषण यादव, नीलिमा पौडेल, सचिव विजय चौहान, सहसचिव एसके चौरसिया, अजय चौरसिया र कोषाध्यक्ष सञ्जीव मिश्रसमेत १८ जना कार्यसमिति सदस्य, पाँचजना केन्द्रीय परिषद् सदस्य र सातजना प्रदेश परिषद् सदस्यलाई प्रमाणपत्र वितरण गरिएको थियो।

नवनिर्वाचित अध्यक्ष ओमप्रकाश खनालले पत्रकार महासङ्घलाई साझारूपमा हाँक्ने बताए। उनले राजनीतिक आस्था र विचारलाई पछाडि राखेर व्यावसायिक क्रियाशील पत्रकारितालाई प्राथमिकता दिने बताए। उनले पत्रकार महासङ्घ सबै पत्रकारको साझा सङ्गठन भएकोले महासङ्घको विधान अनुसार सबैलाई समानरूपमा हेर्ने बताए।



तस्वीरः प्रतीक

खनालकै अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय पर्यवेक्षक दीपेन्द्र चौहान, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव अशोक तिवारी, प्रेस काउन्सिलका सदस्य लालबाबू शेख, निर्वाचन अधिकृत हरेराम सर्राफले नवनिर्वाचित पदाधिकारी, सदस्यहरू, प्रदेश र केन्द्रीय परिषद् सदस्यहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण राजेन्द्र सिंहले गरेका थिए।

## आधारभूत अस्पतालको निर्माण कार्य शुरू

धर्मेन्द्र चौरसिया, पोखरिया, ३ पुस/

जीराभवानी गाउँपालिका-२ सेढवामा आधारभूत अस्पतालको निर्माण कार्य पुनः शुरू भएको छ।


तस्वीरः प्रतीक

आर्थिक वर्ष २०७७/७८ मा स्वास्थ्य मन्त्रालयको बजेटमा निर्माण शुरू भएको यो अस्पतालको निर्माण कार्य भुक्तानी अभावमा रोकिएको थियो। रु आठ करोड लागतमा ओम बुद्ध कन्स्ट्रक्शनले अस्पताल निर्माणको ठेक्का पाएको थियो तर उसले दुई करोडभन्दा बढी खर्च गर्दा स्वास्थ्य मन्त्रालयबाट ३० लाख मात्र भुक्तानी भएको थियो। भुक्तानी अभावमा हालसम्म रोकिएको निर्माण कार्य अहिले गाउँपालिकाको पहलमा शुरू भएको छ।

जीराभवानी गापाले स्वास्थ्य मन्त्रालयबाट बजेट विनियोजन भएर आएपछि आफूले भुक्तानी लिने र त्यस पछि गरिने कामको भुक्तानी गापाले दिने ठेकेदारलाई आश्वस्त पारेपछि अहिले काम शुरू भएको ठेकेदार कम्पनीका इन्जिनीयर बन्टी चौरसियाले बताए।

१० शय्याको अस्पताल निर्माण कार्य तीन वर्षदेखि थाती थियो। अस्पताल निर्माण कार्य सम्पन्न भएर सुचारु भएमा जीराभवानी, जगरनाथपुर, ठोरीका बासिन्दाहरू लाभान्वित हुने बताइएको छ।

## सुक्खा बन्दरगाहबाट कन्टेनर र फलामको आयातमा भारी गिरावट

प्रस, परवानीपुर, ३ पुस/

वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट मालवस्तुको आयातमा भारी गिरावट आएको छ।






चार वर्षपछि कन्टेनर र फलामजन्य वस्तुको आयातमा ५० प्रतिशत कमी आएको छ। श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय सञ्चालन गरिरहेको प्रिन्स्टिन भ्याली ड्राइपोर्ट प्रालिका सञ्चालन प्रमुख अतुल शर्माका अनुसार प्रिन्स्टिनले सन् २०२० मा यो बन्दरगाह ठेक्का सकार गर्दा मासिकरूपमा ८० भन्दा बढी र्‍याक आउँथ्यो भने अहिले जम्मा ४५ वटा र्‍याक महीनामा आइरहेको उनले बताए। अर्थात् दिनमा डेढवटा र्‍याक आइरहेको छ।

एउटा र्‍याकमा २० फिटे ९० वटा कन्टेनर अट्छ। ४० फिटे कन्टेनर ल्याउनुपऱ्यो भने ४५ वटा कन्टेनर अट्छ।

त्यसैगरी, सन् २०२० मैं फलामजन्य वस्तु (बिआरएन)को मासिक २० वटा र्‍याक आउने गरेकामा हाल तीनदेखि पाँचवटा मात्र आइरहेको छ। फलामजन्य वस्तुमा बिलेट, एचआर सिट, एचआर एङ्गल, स्पन्जलगायत वस्तु बढी आउँथ्यो भने अहिले स्पन्ज फलाम बढी आइरहेको छ।

यसैगरी, बोराबन्द (बिसिएन)तर्फ पनि विगतका चार वर्षको तथ्याङ्क अनुसार अहिले करीब ३० प्रतिशतभन्दा बढी कमी आएको प्रिन्स्टिन भ्यालीका सञ्चालन प्रमुख शर्माको भनाइ छ। बिसिएनतर्फ पहिले मासिक २० वटा र्‍याक आउँथ्यो भने अहिले १५ वटा र्‍याक आइरहेको छ। जसमध्ये ८-१० वटा कोइलाका र्‍याक हुन्छन्। एउटा र्‍याकमा बिआरएन र बिसिएन २५००-३००० टन लोड भएर भारतको कोलकाता, हल्दिया, विशाखापट्टनम बन्दरगाहबाट मालसामान लोड भएर रेलमार्गबाट श्रीसिया बन्दरगाह भन्सारसम्म आउने गरेको छ।

२०७६/७७ सालको कोरोना

(बाँकी अन्तिम पातामा)

## जिल्ला प्रशासन कार्यालयको सेवालाई सहज बनाउँछु -प्रजिअ अर्याल

प्रस, परवानीपुर, ३ पुस/

नेपालको ७७ जिल्लामध्येबाट कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट ठहरी रूपन्देहीबाट पर्सा सरुवा भएका प्रमुख जिल्ला अधिकारी हुन्, गणेश अर्याल। उनी पर्सा आएको डेढ महीनाभन्दा बढी समय भयो तर पनि जिल्ला प्रशासन कार्यालयबाट सेवाग्राहीले चाहे जति सेवा सहजरूपमा नपाएको गुनासो छ।


प्रजिअ गणेश अर्याल

वीरगंज-२१ पटेलनगरकी अनीता देवीले नागरिकता बनाउनको लागि दुई दिन धाउनुपरेको बताइन्। जिल्ला प्रशासन कार्यालयमा नयाँ नागरिकता वितरण, नागरिकता प्रतिलिपि, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउने काममा सेवाग्राही बढी आउने गर्छन्। साथै मिटरब्याजको मुद्दाको तारेखमा सेवाग्राही बढी आउने गर्छन्।

दैनिक सयौंको भीड हुने जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित फाँटले सहज र प्रभावकारी सेवा उपलब्ध नगराउँदा सेवाग्राहीहरूले धकेलाधकेली, मारपिट, होहल्लासमेत गर्ने गरेका छन्। यसै सन्दर्भमा पर्साका प्रजिअ गणेश अर्यालसँग तपाईं आएपछि पर्साको मुख्य सरकारी कार्यालयको रूपमा रहेको जिल्ला प्रशासन कार्यालयमा के के परिवर्तन भए भन्ने प्रश्नमा उनले बिस्तारै सुधार भइरहेको दाबी गरे।




उनले पहिले नयाँ नागरिकता एक ठाउँबाट वितरण भइरहेकोमा हाल तीनवटा ठाउँबाट वितरण गर्ने व्यवस्था मिलाइएको जानकारी गराए। यसैगरी, राहदानी बनाउन शुल्क तिर्न केही समस्या भइरहेकामा बैंकका कर्मचारीसँग सहकार्य गरी सो समस्या समाधान गरिएको बताए। राष्ट्रिय परिचयपत्रतिर पनि भीडभाडलाई व्यवस्थापन गरिएको भन्दै उनले जिल्ला प्रशासन कार्यालयको अर्को समस्या भनेको मिटरब्याजीको मुद्दा किनारा नलाग्नु बताए।

जिल्ला प्रहरी कार्यालय, पर्साले हेरिरहेको करीब पाँच हजार उजूरीमध्ये करीब ५५ प्रतिशत फछ्र्यौट भइसकेको अवस्थामा जिल्ला प्रशासन कार्यालयले तीन हजार ८०० मुद्दामध्ये जम्मा चारवटा मुद्दा फछ्र्यौट गरेको उनले जानकारी गराए। "कात्तिकमा चाडपर्वले गर्दा मङ्सिर-पुसमा नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउनेको सङ्ख्या बढ्यो, जसले गर्दा भीड व्यवस्थापन गर्न सकिएन," प्रजिअ अर्यालले भने- "मैले विशेषगरी मिटरब्याजको मुद्दा र नागरिकता र सोको प्रतिलिपिको समस्यालाई सूक्ष्म तरीकाले हेरिरहेको छु। केही दिनमैं सबैले अनुभूति हुनेगरी सुधार गरेर देखाउँछु।"

प्रजिअ अर्याल पर्सा आएको बेला पत्रकार सम्मेलन गरी आफ्नो कार्यालय सँगसँगै पर्साका अन्य सरकारी कार्यालयको अनुगमन, निरीक्षण गरी ती कार्यालयका विकृति, विसङ्गतिलाई समेत न्यूनीकरण गर्न भूमिका निर्वाह गर्ने बताएका थिए। जबकि पर्सेली जनता मालपोत, नापी, भूमिसुधार, कृषि सामग्री, साल्ट ट्रेडिङ, यातायात, भूमिसुधार, नारायणी अस्पताललगायत कार्यालयहरूबाट बढी पिरोलिएकोले ती कार्यालयहरूमा बढी ध्यान दिन सुझाइएको थियो।

## रौतहटका किसानद्वारा १८ बुँदे मागसहित ज्ञापनपत्र

प्रस, वीरगंज, ३ पुस/रासस

अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी)ले रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै किसानको समस्या समाधानको माग गरेको छ।

महासङ्घका केन्द्रीय स्थायी समिति सदस्य रामविनयकुमार यादवको नेतृत्वको टोलीले प्रजिअ हीरालाल रेग्मीलाई १८ बुँदे ज्ञापनपत्र बुझाएको छ।

ज्ञापनपत्रमा सरल तथा सुलभ दररेटमा मलको नियमित आपूर्ति व्यवस्था मिलाउनुपर्ने, कृषि सामग्री र साल्ट ट्रेडिङ कम्पनी तथा स्थानीय सरकारको समन्वयमा उचित दरमा मलखाद बिक्री वितरण गर्नुपर्ने उल्लेख छ। स्थानीय पसलमा प्रतिबोरा रु ३५०० मा बिक्री गर्ने बिचौलिया वा सङ्घसंस्थाको अनुमति खारेज गर्नुपर्ने, किसानको बालीमा बँदेल, हात्ती, नीलगाईलगायतका वन्यजन्तुबाट हुने क्षति नियन्त्रण गर्नुपर्नेलगायतका माग छन्।


तस्वीरः सौजन्य

महासङ्घका अध्यक्ष भगतनारायण यादवले यथाशीघ्र माग सम्बोधन नभएमा किसानहरू चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्।

टोलीमा केन्द्रीय सदस्य हीरा थापा, जिल्ला सचिव नरेन्द्र झालगायतको सहभागिता थियो।

**विचारसार र सूक्तिहरू**

**गलत मानिसले कुनै पनि शान्त मानिसलाई खण्डित तुल्याइदिन्छन्, सही मानिसले भने खण्डित व्यक्तित्वलाई शान्त पारिदिन्छन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# वायु प्रदूषण

**नेपालमा वायु प्रदूषण एक गम्भीर पर्यावरणीय चुनौतीको रूपमा देखा परेको छ । काठमाडौं उपत्यकादेखि तराईका बस्तीहरूमा दिन प्रतिदिन वायु प्रदूषणको स्तर बढ्दै जानु नागरिक स्वास्थ्य, पर्यावरण र समग्र जीवनका लागि चिन्ताको विषय बनेको छ। वन तथा वातावरण मन्त्रालयले हालै वायु प्रदूषण रोक्नका लागि विभिन्न सुझावहरूसहितको सूचना जारी गरेको छ। तर यस्तो सूचना र अपीलले मात्र समस्याको समाधान सम्भव छैन । यसका लागि व्यापक चेतना, ठोस योजना र प्रभावकारी कार्यान्वयनको खाँचो छ। वायु प्रदूषण हुने धेरै कारण छन् । पुराना तथा अयोग्य सवारीसाधनहरू, अनियन्त्रित उद्योग र ईंटाभट्टाहरू, खुलारूपमा फोहोर जलाउने प्रचलन, सडक तथा निर्माण कार्यबाट उड्ने धूलो, वन डढेलो र ग्रामीण क्षेत्रमा परम्परागत इन्धन (दाउरा, गुईंठा)को प्रयोगले वायुमण्डललाई दिन प्रतिदिन प्रदूषित बनाइरहेका छन् । यो प्रदूषणको प्रभाव सबै उमेरका मानिसमा पर्न सक्छ, तर विशेषगरी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला, र श्वासप्रश्वास तथा मुटुका रोगीहरू यसको मुख्य शिकार बनिरहेका छन् ।**

**वायु प्रदूषणले मानव स्वास्थ्यलगायत समग्र पर्यावरण र आर्थिक प्रणालीलाई पनि कमजोर बनाइरहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रदूषित वायुमा लामो समयसम्म रहने व्यक्तिमा दम, फोक्सोको क्यान्सर, मुटुरोग र अन्य जटिल समस्याहरूको जोखिम अत्यधिक हुन्छ। वातावरणीय दृष्टिकोणले पनि वायु प्रदूषणले जलवायु परिवर्तनलाई तीव्रता दिन भूमिका खेलिरहेको छ। हाम्रो मुलुकजस्तो विकासोन्मुख देशमा वायु प्रदूषणबारे सचेतना र जानकारीको अभावले समस्या अझ जटिल बनाएको छ । नागरिकले प्रदूषणको स्रोतबारे बुझ्ने र समाधानका उपायमा सामेल हुने अवस्था छैन । विकसित मुलुकहरूमा नागरिक चेतना र प्रविधिको सदुपयोगले समस्या नियन्त्रणमा देखिन्छ । तर नेपालमा सवारीसाधनको मर्मतसम्भार नगर्ने प्रवृत्ति, खुला फोहोर जलाउने चलन र उद्योगमा मापदण्डको पालना नहुनुले स्थिति थप बिग्रँदै गएको छ। समस्याको समाधानका लागि सरकारले ठोस र दीर्घकालीन योजना ल्याउनुपर्छ। वायु गुणस्तर सुधारका लागि प्रभावकारी नीति निर्माण गर्नुपर्छ । वातावरणीय मापदण्ड उल्लङ्घन गर्ने उद्योग र सवारीसाधनलाई कारबाही गर्ने प्रणाली अपनाइनुपर्छ। सवारीसाधनलाई विद्युतीय बनाउन प्रोत्साहन गर्नुपर्ने र पुराना सवारीसाधनलाई प्रतिस्थापन गर्नुपर्ने समय आएको छ। यसैगरी, उद्योग र ईंटाभट्टाहरूलाई स्वच्छ ऊर्जा प्रयोगमा रूपान्तरण गर्न सरकारले स्पष्ट नीति ल्याउन जरुरी छ ।**

**वायु प्रदूषण नियन्त्रणका लागि नागरिक सचेतना अपरिहार्य छ । विद्यालय तथा समुदायस्तरमा नै प्रदूषणको प्रभावबारे शिक्षा दिने हो भने नागरिक सचेतनाका लागि महत्त्वपूर्ण उपलब्धि हुन सक्छ। हाम्रो मुलुकमा सडक निर्माणको क्रममा उड्ने धूलोलाई सामान्य ठानिन्छ । यसरी धूलो उडाउने, अलकत्रा जलाउने तरीका गलत हो। यस्तो कार्यलाई गैरकानूनी घोषणा गरी दण्ड जरिवानाको व्यवस्था लागू गर्न सरकारको अग्रसरता आवश्यक छ । विकास निर्माणका लागि वातावरणीय मापदण्डको पालना नगरी गरिने कामले तत्काल फाइदा जस्तो लागे पनि दीर्घकालीनरूपमा यसले ठूलो क्षति पुऱ्याउँछ । सरकार, उद्योगी, नागरिक तथा सरोकारवाला सबै पक्षले वायु प्रदूषण रोक्न आआफ्नो स्थानबाट भूमिका निर्वाह गर्नु आवश्यक छ ।**

# आप्रवासी र आन्तरिक आप्रवासन

आधुनिक युगमा मानिसको खुट्टा एक ठाउँमा स्थिर रहँदैन भनिन्छ । मानिस डुलुवा प्राणी पनि हो। मानिस डुलिरहन मन पराउनुका पछाडि धेरै कारण छन्। समाजमा एउटा कथन प्रचलित छ–डुल्नाले ठाउँ हेरिन्छ र स्वाद फेरिन्छ । यसलाई पर्यटनको अर्थमा पनि लिने गरिन्छ । पर्यटनभन्दा मानिस अन्य कारणले पनि एक ठाउँबाट अर्को ठाउँ जाने गर्दछन्। आजीविका सबैभन्दा ठूलो कारण भएको छ हाम्रो समाजमा । आजभोलि मानिस आजीविकाको क्रममा एक देशबाट अर्को देश गइरहेका छन् । आजीविकालाई सङ्क्षेपमा रोजगार मान्न सकिन्छ । रोजगारको खोजी अहिलेको निकै ठूलो आवश्यकता भइसकेको छ । मानिसहरू जहाँतहाँ रोजगारका लागि गइरहेका छन् । जहाँ रोजगारको कुनै सम्भावना देख्दछन्, मानिसहरू पुग्न शुरु गरिहाल्छन्। यो बाध्यता हो वा रहर वा अहिलेको समयमा मानवीय प्रवृत्ति नै हो, भनिहाल्न सजिलो छैन ।

रोजगारका लागि कोही बाहिर जाँदा कति टाढा वा कुन देशमा गइरहेको छ भन्ने कुराले पनि महत्त्व राख्दछ । देशभित्र पनि कति समयको लागि रोजगारको खोजीमा गएको हो भन्ने कुरोले प्रभाव पार्दछ । कृषि मजदूरहरू देशभित्रै एक ठाउँबाट अर्को ठाउँ जाने गरेका छन्, अल्पकालीन रोगजारको खोजीमा। कतिपय अवस्थामा त्यो अर्को ठाउँ, एउटै जिल्ला वा प्रदेश पनि हुन सक्छ। बढी कृषि मजदूर आफ्नै प्रदेशमा अल्पकालीन वा मौसमी रोजगारको खोजीमा निस्कन्छन्। कुनै निश्चित हुँदैन, कसको खेतमा काम गर्नुपर्छ तर कामको खोजीमा निस्केपछि काम भने पाइन्छ भन्ने विश्वास यस्ता मजदूरहरूमा हुन्छ। त्यति बेलासम्म काम गर्दछन्, जति बेलासम्म आफ्नो गाउँठाउँमा कामको चाप हुँदैन । जब आफ्नै खेतबारीमा कामको समय आउँछ वा घरमैं बसेर पनि विभिन्न मानिसको खेतमा पुगेर काम गर्न सकिन्छ भन्ने हुन्छ तब बालबच्चा र परिवारको साथ कृषि मजदूरहरू बाहिरभन्दा अपेक्षाकृत कम नै ज्याला भए पनि काम गर्छन् । घरपरिवारका सदस्यहरू एक ठाउँमा साँझ–बिहान बस्न पाउनु अनि कम ज्याला नै प्राप्त गरे पनि सन्तोष मान्नु कृषि मजदरहरूको सुखद पक्ष हो ।

अल्पकालको लागि अर्थात् केही महीनाको लागि कृषि मजदूर भारतको विभिन्न प्रान्तसम्म पनि पुग्दछन् । अनि कृषि कर्म सिध्याएर पुनः आफ्नै थलो फर्कन्छन् । यस प्रकारका कृषि मजदूरहरूले विभिन्न ठाउँमा कामको लागि घरभन्दा बाहिर गइरहनु पर्दाको अवस्थालाई कहीं कतैबाट आप्रवासको उपमा दिएको पाइन्न । यस किसिमका कृषि मजदूरहरू आप्रवासी होइनन् । यस

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**
mitrasanjay41@gmail.com

**सामान्यतया आप्रवासी ती हुन्, जो आफ्नो देश छाडेर अर्को देश पुगेका छन्, त्यहीं बसोवास पनि गरेका छन् तर त्यहाँको नागरिकता लिएका छैनन् वा त्यहाँको नागरिक भइसकेका छैनन् । विदेशमा बस्ने त्यस्ता मानिस जो त्यहाँको नागरिक होइनन्, ती आप्रवासी हुन् ।**

किसिमका मजदूरहरूबारे खासै चर्चा भएको पनि पाइँदैन। अल्प समयका लागि घरपरिवार छाडेर विभिन्न ठाउँमा कामको खोजी गर्ने र मुख्य सिजनमा आफ्नै घर फर्कने कृषि मजदूरहरूको आर्थिक तथा भौतिक अवस्थाबारे खासै अध्ययन भएको पनि पाइएको छैन । कृषि मजदूरको अवस्था तथा स्थितिबारे विभिन्न कोणबाट मूल्याङ्कन हुनु उचित हुन्छ ।

सामान्यतया आप्रवासी ती हुन्, जो आफ्नो देश छाडेर अर्को देश पुगेका छन्, त्यहीं बसोवास पनि गरेका छन् तर त्यहँको नागरिकता लिएका छैनन् वा त्यहाँको नागरिक भइसकेका छैनन् । विदेशमा बस्ने त्यस्ता मानिसहरू जो त्यहाँको नागरिक होइनन्, ती आप्रवासी हुन् । मुख्यतः रोजगार, व्यापार तथा परिवारका सदस्यसित बस्ने कारणले मानिसहरू आप्रवासी बन्दछन्। यसैगरी प्राकृतिक आपदा, गरीबी, द्वन्द्व र अन्य कारणले पनि मानिस आप्रवासी बन्दछन्। आप्रवासीको चाहना हुन्छ कि जुन ठाउँमा बसेको छु, त्यहाँको नागरिक बनूँ । रोजगार, व्यापार वा अन्य पेशा अँगालेका तर परदेशमा रहेकाले, त्यहाँको नागरिक बन्न चाहने अभिलाषा राखेका हुन्छन् । आफ्नो मूल निवास छाडेर अन्यत्र गएका मानिस पनि आप्रवासी हुन्। आप्रवासनको क्षेत्र आफ्नै देशको सीमा वा बाहिर पनि हो । यसरी देशको एक ठाउँबाट अर्को ठाउँ, जहाँ आफ्नो भूमिभन्दा फरक परिवेश छ, बसोवास गर्न वा नागरिक बन्न चाहन्छन् भने यस अवस्थालाई आन्तरिक आप्रवासन भन्न सकिन्छ । आन्तरिक आप्रवासको पनि ज्यादै ठूलो क्षेत्र रहेको देखिन्छ ।

आप्रवासीको संसार निकै ठूलो छ। विश्वका करीब ३.६ प्रतिशत मानिस आप्रवासी हुन् । संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक मामिला विभागका अनुसार सन् २०२० मा दुनियाँमा करीब २८१ मिलियन अन्तर्राष्ट्रिय आप्रवासी थिए। संसारको सबैभन्दा बढी आप्रवासी भएको देश भारतलाई मानिएको छ । भारतका १ करोड ७५ लाख मानिस अमेरिकामा छन् भन्ने अनुमान छ। यो पनि भनिन्छ कि भारतबाट अन्य देशमा गएका भारतीयहरूको सङ्ख्या १६ मिलियन छ। यो त्यस्तो जनसङ्ख्या हो जुन भारतबाट बाहिर छ र त्यहीं जन्मेको छ । अनि आप्रवासीबारे जानकारी लिन चाहनेको लागि यो तथ्य पनि रोचक हुन जान्छ कि विश्वका सबै आप्रवासीमध्ये पचास प्रतिशत आप्रवासी केवल दश देशमा छन् अनि गत पच्चीस वर्षको आप्रवासीको तथ्याङ्क विश्लेषण गर्ने हो भने करीब बीस प्रतिशत आप्रवासी केवल अमेरिकामा छन् । कतिपय तथ्याङ्कले सबैभन्दा बढी आप्रवासी युएईमा रहेको देखाएको छ। युएई अर्थात् संयुक्त अरब इमिरेट्समा त्यहाँको जनसङ्ख्याको करीब अठासी प्रतिशत आप्रवासी छन् ।

पछिल्ला केही वर्षमा विश्वमा द्वन्द्वका ठूल्ठूला घटनाहरू भएका छन्। युक्रेनमाथि रूसको आक्रमण तथा इजरायलसित विभिन्न देशको द्वन्द्वले आप्रवासको समस्या निकै बढेको देखिएको छ । के भनिन्छ भने युक्रेनमाथि रूसको आक्रमणको कारण सन् २०२२ को अन्त्यसम्म करीब ५.७ मिलियन युक्रेनियन निर्वासित हुन बाध्य भए । युक्रेन सिरियापछि शरणार्थीहरूको दोस्रो ठूलो देश बनेको पनि स्मरणीय छ । अफगानिस्तान, इथियोपिया, सुडान, यमनमा लामो समयसम्म चलेका वा चलिरहेका सङ्घर्षका कारण विश्वको राजनीतिमा निकै छिटो प्रभाव पारेको र यस्ता सङ्घर्षले मानिसलाई आफ्नो थातथलो छोड्न बाध्य हुनुपरेका तथ्याङ्कहरू बारम्बार चर्चामा आइरहेका छन् ।

विद्यार्थी पनि आप्रवासीको निकै ठूलो हिस्सा हो। विभिन्न देशमा अध्ययन गर्न जाने विद्यार्थीलाई विचार गर्ने हो भने निकै कम विद्यार्थी फर्केर आउँछन् । जहाँ पढ्न जान्छन् त्यहीं रोजगार खोज्न उत्प्रेरित हुन्छन् । यसलाई यसरी पनि भन्न सकिन्छ कि विदेशमा अध्ययनका लागि जाने विद्यार्थीहरूमा अध्ययनसँगै काम पनि गर्ने लालसा हुन्छ। बरु अध्ययन नहोस्, काम चाहिं खोज्नुपर्छ भन्ने सोच अभिभावक तथा विद्यार्थी दुवैको रहेको हुन्छ । सन् २००१ लाई विचार गर्ने हो भने विश्वव्यापी विद्यार्थी आप्रवासको सङ्ख्या २.२ मिलियनभन्दा केही बढी थियो तर सन् २०२१ लाई यही दृष्टिकोणले विचार गर्ने हो भने यो सङ्ख्या बढेर ६ मिलियनभन्दा बढी भइसकेको देखिन्छ। विद्यार्थी आप्रवासको मुख्य क्षेत्र एशिया हो । भारत र चीनबाट धेरै सङ्ख्यामा विद्यार्थीहरू विभिन्न देशमा अध्ययनका लागि जाने गरेका छन्। नेपालबाट पनि बर्सेनि ठूलो सङ्ख्यामा विद्यार्थीहरू विभिन्न देशमा जाने गरेका छन् ।

यो पनि देखिन्छ कि सबैभन्दा बढी विद्यार्थी अमेरिका जान रुचाउँछन्। सन् २०२१ मा विश्वको विभिन्न देशबाट ८ लाख ३३ हजार विद्यार्थी अमेरिका पुगेको पाइएको छ । यसैगरी संयुक्त अधिराज्यमा ६ लाखभन्दा बढी विद्यार्थी पढ्न गएको देखिएको छ। यसै अस्ट्रेलिया पनि विद्यार्थीको राम्रो गन्तव्य मानिन्छ। त्यहाँ ३ लाख ७८ हजारभन्दा बढी विद्यार्थी, जर्मनीमा ३ लाख ७६ हजारभन्दा बढी विद्यार्थी अनि क्यानडामा ३ लाख १८ हजार विद्यार्थी पढ्न गएको देखिन्छ। अन्य छिमेकी देशमा जाने विद्यार्थीको सङ्ख्या पनि निकै ठूलो छ। अमेरिका, युके, अस्ट्रेलिया, जर्मनी, क्यानडा आदि देश नेपाली विद्यार्थीको रोजाइमा पर्दछन्। यसैगरी नेपालबाट बर्सेनि हजारौं विद्यार्थी भारतको विभिन्न शहरमा अध्ययनका लागि पुग्ने गर्दछन् ।

आप्रवासीको अध्ययन, रकम प्राप्तिको दृष्टिकोणले पनि गरिएको पाइन्छ । अर्थात्, आप्रवासीहरूले ठूलो परिमाणमा आफ्नो देशमा रकम पनि पठाउने गरेका छन्। बस्ने चाहना त्यहीं हुने तर बस्न नपाउने अवस्थासम्म आफ्नो घरमा रकम पठाइरहन्छन्, विदेश गएकाहरू। विश्वमा भारत, पाकिस्तान तथा बङ्गलादेशमा विदेशबाट ठूलो परिमाणमा विप्रेषण रकम आउँछ । भनिन्छ, विश्वका दश शीर्ष प्राप्तकर्तामा भारत, पाकिस्तान र बङ्गलादेश पर्दछन्। आप्रवासीबारे विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ। विभिन्न कोणबाट अध्ययन गरिएको पाइन्छ पनि । तर, आन्तरिक रूपमा आप्रवासी बनेकाहरूको भने अध्ययन गरिएको किन पाइँदैन भने समग्र देशको अर्थतन्त्रमा पर्ने प्रभावमा यसले भिन्नता आउँदैन। यद्यपि प्रदेश, पालिका र गाउँको विकासमा आन्तरिक वा बाह्य आप्रवासनबाट प्राप्त हुने रकमको निकै ठूलो योगदान रहेको कुरा स्वीकार गर्न सकिन्छ ।

# व्यापार छाडेर टमाटरखेती, वार्षिक पाँच लाखभन्दा बढी आम्दानी

बरहथवा (सर्लाही), ३ पुस/रासस

सर्लाहीको उत्तरी क्षेत्र तरकारी उत्पादनको हिसाबले निकै परिचित ठाउँ हो। यस क्षेत्रमा उत्पादित हरियो तरकारी सर्लाहीसहित देशका मुख्य बजारसम्म पुग्ने गरेको छ ।

यहाँका किसानले अन्य तरकारीसँगै टमाटर खेतीबाट मनग्य आम्दानी लिने गरेका छन् । त्यसैमध्येका एक हुन्, हरिवन नगरपालिका–४, गणेशचोक निवासी ५९ वर्षका कामिल मिकरानी। उनका अनुसार टमाटर खेतीबाट बर्सेनि रु पाँच लाखसम्म आम्दानी भइरहेको छ।

कक्षा ८ सम्म औपचारिक शिक्षा लिएका मिकरानीले टमाटर खेती गर्नकै लागि व्यापार छाडेको बताए। "शुरूमा थोरै मात्र तरकारी र त्यसमा पनि टमाटर लगाउने गरेको थिएँ"–उनले भने–"धेरै समय कपडा व्यापारमा बिताएपछि कृषिकर्ममा लागेको हुँ।"

मिकरानी अहिले दुई बिघामा टमाटर खेती गरिरहेका छन् । एक बिघामा चिउरी र एक बिघामा कविता जातको टमाटर रोपेको उनले बताए। कात्तिकमा रोपेको टमाटर पुस अन्तिमतिर टिप्न



तस्वीरः रासस

मिल्ने हुन्छ। "पहिले अरूको खेत भाडामा लिएर चार बिघासम्म टमाटर खेती गर्ने गरेको थिएँ"–उनले भने–"उमेर ढल्कियो छोराछोरी खेतमा काम गर्न मान्दैनन्। आफैंले दुई बिघा लगाएको छु । छ महीनामा रु पाँच लाखको टमाटर आरामले बेच्छु।"

राम्रो भाउ आउने समयमा उत्पादन गर्न सक्दा टमाटरबाट पैसा हुने उनी बताउँछन् । अन्य समयमा बालीको स्याहार राम्रो हुँदा उत्पादन बढ्ने भएकोले आम्दानी खासै नराम्रो नहुने उनको अनुभव छ। "किसानले उत्पादनको मूल्य राम्रो पाए हुन्थ्यो भन्नु सामान्य हो"–मिकरानीले भने–"मैले खेती शुरू गरेको ३९ वर्ष भयो, खेरै गयो डुब्यो भन्नुपरेको छैन।"

उनले प्रतिक्यारेट रु ३०० देखि रु १२०० सम्म टमाटर बिक्री गर्दै आएका छन् । टमाटर एक वर्षमा छ महीना मात्र हुने हुँदा अरू बेला धान तथा मकै खेती गर्ने गरेको उनले बताए । यसरी फरक–फरक खेती गर्दा बाली चक्र पूरा हुने र खेत राम्रो हुने उनको भनाइ छ।

"पहिलो तीन महीना खुब स्याहार गरेपछि अर्को तीन महीना मज्जाले बाली टिप्न पाइन्छ"–मिकरानीले भने–"कहिले व्यापारी खेतमै आँउछन् । कहिले बजारसम्म लैजाने गरेको छु।" टमाटर खेतीबाटै थोरै खेतसमेत जोडेको उनले सुनाए ।

अर्का किसान लालबन्दी नगरपालिका–१, नवलपुरका दिनेश बैठाले टमाटर खेतीबाट मनग्य आम्दानी गरेको बताए। अहिले किसानले टमाटर रु एक हजार आठ सय क्यारेटसम्म बेच्न पाएको र उत्पादन समयको किसानले ख्याल गर्नुपर्ने उनी बताउँछन् ।

खेती गरेर आम्दानी हुँदैन भन्ने धारणा समाजमा व्याप्त भएका कारण नयाँ पुस्ता खेती किसानीमा आउन

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# स्वास्थ्य विज्ञान प्रतिष्ठान मधेसमा एमबिबिएस अध्यापन शुरू

जनकपुरधाम, ३ पुस/रासस

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा चिकित्साशास्त्र अध्ययन अन्तर्गत स्नातक तह (एमबिबिएस)को अध्यापन शुरू भएको छ । सङ्घीय सरकारबाट यस वर्ष एमबिबिएसका ५० विद्यार्थीलाई अध्यापन गराउने अनुमति पाएपछि प्रतिष्ठानले अध्यापन शुरू गरेको हो ।

प्रतिष्ठानले प्राप्त गरेको ५० मध्ये ७५ प्रतिशत सीटमा विद्यार्थीको पूर्ण छात्रवृत्ति र २५ प्रतिशत सीटमा तोकिएको रकमको आधारमा नामाङ्कन गराइने प्रतिष्ठानका उपकुलपति डा अकुर साहले जानकारी दिए । पूर्ण छात्रवृत्ति अन्तर्गत ३८ जनाको नामाङ्कन गरिएको छ। विदेशी विद्यार्थीको हकमा ४५ लाख भारतीय रकम लिने निर्णय भएको उनले बताए ।

पूर्ण छात्रवृत्ति नभएका विद्यार्थीको पनि नामाङ्कन शुरू गरिएको उपकुलपति डा साहले बताए । अहिलेसम्म एकजना भारतीय विद्यार्थीको एमबिबिएसमा नामाङ्कन गरिएको छ । यही पुस २४ गतेसम्म नामाङ्कनको समयावधि तोकिएको छ । छात्रवृत्ति नपाएका



तस्वीरः फाइल

विद्यार्थीसँग प्रतिष्ठानले रु ४५ लाख शुल्क तोकेको जनाउँदै उनले उक्त रकम तीनपटकमा बुझाउनुपर्ने उल्लेख गरे ।

एमबिबिएसको अध्ययन जनकपुरधामस्थित प्रादेशिक अस्पतालको पछाडि रहेको एकेडेमी कलेजमा सञ्चालन हुने प्रतिष्ठानले जनाएको छ । यस अघि उक्त भवनमा नर्सिङका छात्राहरू अध्ययन गर्दै आएका थिए ।

एमबिबिएस अध्यापनका लागि शिक्षकको छनोट र नियुक्ति पहिला नै भइसकेको बताउँदै उपकुलपति डा साहले छनोट भएका शिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण दिने कार्य पनि भइसकेको जानकारी दिए ।


कृषि हाटबजारः कैलालीको टीकापुर कृषि हाट बजारमा किनमेल गर्न आएका स्थानीयको घुइँचो । हप्तामा दुई दिन लाग्ने कृषि हाट बजारले किसानहरूको उत्पादनलाई बिक्री गर्न सहज बनाएको छ। तस्बिर : झलनाथ खनाल र रासस

# शिक्षकको तलब नियमित मासिक –शिक्षामन्त्री भट्टराई

काठमाडौं, ३ पुस/रासस

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षकको मासिक तलब उपलब्ध गराउन स्थानीय तहलाई निर्देशन दिइसकेको बताएकी छन् ।

बुधवार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको 'विद्यालय शिक्षा विधेयक–२०८०'को छलफलमा उनले शिक्षकहरूलाई नियमितरूपमा तलबको व्यवस्था गरिने बताइन् । "३९ वटा स्थानीय तहले शिक्षकको तलब नदिएको भन्ने मन्त्रालयमा गुनासो आएको छ," उनले भनिन्, "हामीले ती स्थानीय तहका प्रमुखलाई नियमितरूपमा तलबको व्यवस्था गर्न निर्देशन दिएका छौं ।"

साथै उनले विद्यालय शिक्षकको दरबन्दी पुनरावलोकन गरिने बताइन् । बालविकास शिक्षा कार्यक्रमलाई व्यवस्थित गर्न कार्यदल गठन भएको जानकारी दिइन् । त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबीन आयोगले बुझाएको प्रतिवेदन अपूर्ण भएकाले प्रधानमन्त्री केपी शर्मा ओलीले पुनः छानबीन गर्नुपर्नेमा जोड दिएको बताइन् ।

"आयोगको म्याद हामीले दुईपटक थप गर्‍यौं । तर आयोगले बुझाएको प्रतिवेदनमा अझ धेरै काम गर्न बाँकी रहेको देखिएको छ," उनले भनिन्– "आयोगको प्रतिवेदनका आधारमा धेरै जग्गा खोज्नुपर्ने स्थिति छ । "

**शिक्षा विधेयकमा दफावार छलफल**

समितिमा विद्यालय शिक्षा विधेयक,२०८० मा दफावार छलफल पूरा भएको छ। समिति सदस्य सुमना श्रेष्ठले शिक्षण पेशालाई आकर्षक बनाउनुपर्नेमा जोड दिंदै शिक्षकलाई नियमितरूपमा मासिक तलब दिनुपर्ने बताइन् ।

अर्की सदस्य ज्ञानु बस्नेत सुवेदीले निश्शुल्क शिक्षालाई कार्यान्वयन गर्नुपर्छ भनिन् । दफावार छलफलमा समिति सदस्यहरू बिना जैसवाल, विनीताकुमारी सिंह र रामप्रकाश चौधरीले भाग लिएका थिए। विधेयकमा समितिका सदस्यहरूले १०९ वटा संशोधन प्रस्तुत गरेका थिए ।

**स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीमार्फत उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयको निर्देशन**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ एवं स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराउन परिपत्र गरेको छ ।

मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा राजकुमार पाण्डेले परिपत्र जारी गर्दै सरकारी अस्पताल, मेडिकल कलेज र सबै सामुदायिक तथा निजी अस्पताललाई पत्राचार गरी नर्सिङको न्यूनतम सेवा सुविधा उपलब्ध गराउन परिपत्र गरेको हो । विशेषगरी नर्सिङको सेवा सुविधाबारे मन्त्रालयमा गुनासो आएपछि परिपत्र जारी गरिएको महाशाखा प्रमुख डा पाण्डेले बताए ।

यसैगरी, मन्त्रालयले तोकिएको समयभन्दा बढी कार्यका लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न पनि निर्देशन दिएको उनले जानकारी दिए । स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ति सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारी कार्य गराउन नपाइने र सक्कल शैक्षिक लब्धाङ्कपत्र कार्यालयमा राख्न नपाइनेजस्ता कार्य गर्न पनि अस्पतालहरूलाई निर्देशन दिइएको छ ।

यस्तै, कार्य गरिसकेपछि अनुभवको पत्र प्रदान गर्नुपर्ने र नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनसमेत परिपत्र गरेको छ।

# चितवन निकुञ्जद्वारा नियमविपरीत काम गर्ने ६५ जनालाई कारबाई

नवलपुर (नवलपरासी), ३ पुस/रासस

चितवन राष्ट्रिय निकुञ्जले गत कात्तिक १३ देखि हालसम्म विभिन्न कसूरमा ६५ जनालाई पक्राउ गरेको छ। निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षणलाई प्रभावकारीरूपमा अगाडि बढाउन अभियान सञ्चालन गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत अविनाश थापामगरका अनुसार निकुञ्जभित्र अवैध गतिविधि नियन्त्रण कार्य अन्तर्गत बाघसँग सम्बन्धित कसूरमा एक, अनुमतिविना बँदेल पाल्ने दुई, अनुमतिविना निकुञ्ज प्रवेश गरी घाँस दाउरा काट्ने ३०, माछा मार्ने २३, परेवा मार्ने एक र अनुमतिविना निकुञ्ज प्रवेश गरी निउरो टिप्ने आठजनालाई निकुञ्जले पक्राउ गरेको हो ।

निकुञ्जभित्र प्रवेश गर्ने तथा नियमविपरीत काम गर्ने व्यक्तिलाई पक्राउ गरी नियमानुसार कारबाई गरिएको उनले जानकारी दिए। यसैबीच वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि सरोकारवाला निकायबीच समन्वय र सहकार्य अभिवृद्धि गर्न सरोकारवालासँग छलफल गरिएको उनले बताए ।

पछिल्लो डेढ महीनामा निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विभिन्न स्थानमा दुईवटा गैंडा तथा एउटा बाघ मृत भेटिएको सूचना अधिकारी मगरले जानकारी दिए । गत मङ्सिर ७ गते मझुवा मध्यवर्ती सामुदायिक वन क्षेत्रभित्र नारायणी नदीको दोस्रो भङ्गालोमा अन्दाजी ३१ वर्षको पोथी गैंडा पानीमा डुबेर मृत्यु भएको अवस्था तथा १३ गते निकुञ्जको ध्रुव पोस्ट नजीक करीब ३५ वर्षको पोथी गैंडा कालगतिले मरेको अवस्थामा फेला परेको उनले बताए । कालगतिले मरेका दुवै गैंडाको खाग र खुर सुरक्षित रहेको उनले बताए।

त्यस्तै मङ्सिर १६ गते अमलटारी सेक्टर अन्तर्गत नवलपुरको नन्दपुरघाटमा छ वर्षीय बाघ मृतावस्थामा भेटिएको उनले जानकारी दिए । अर्को बाघसँग जुधेर उक्त बाघ मरेको मगरको भनाइ छ। यस अवधिमा गैंडाको आक्रमणमा परी दुईजनाको मृत्यु भएको छ भने चारजना घाइते भएका छन् ।

कात्तिक २० गते कृष्णसार मध्यवर्ती सामुदायिक वन प्रवेश गर्ने क्रममा जिल्ला नवलपुरको कावासोती–७ का ६५ वर्षीय चुनबहादुर बोटे र मङ्सिर ८ गते नवलपुरकै मध्यविन्दु–६ का ६५ वर्षीय नाथुराम महतोलाई खेतबारीमा आलु लगाउने क्रममा गैंडाले आक्रमण गर्दा मृत्यु भएको उनले जानकारी दिए । निकुञ्जले वन्यजन्तु संरक्षण अभियान अन्तर्गत समुदायसँग सहकार्य गरी काम गरिरहेको भन्दै जाडो महीनामा अझै व्यवस्थित अभियान चलाउने उनको भनाइ छ ।

# सिराहामा सडक दुर्घटना घटे पनि, मृत्यु हुनेको सङ्ख्या बढ्दो

सिराहा, ३ पुस/रासस

यहाँ चालू आर्थिक वर्षको प्रथम चौमासिकमा २५५ सवारी दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको छ । यसमा ४५७ जना घाइते भएका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

यो तथ्याङ्क गत आर्थिक वर्षको प्रथम चौमासिकभन्दा दुर्घटना कम भएको देखिन्छ। तर मृत्यु हुनेको सङ्ख्या बढेको छ। गत आवको प्रथम चौमासिकमा १५ जनाको ज्यान गएको थियो । ट्राफिक प्रहरीका अनुसार गत आवमा जिल्लामा ९९७ सवारी दुर्घटना भयो। यसमा ६८ जनाले ज्यान गुमाएका थिए । १,५७९ जना घाइते भएका थिए । दुर्घटनामा कमी ल्याउनुका साथै मृत्युदर कम गराउन जनचेतना कार्यक्रमलाई तीव्रता दिए तापनि मृत्यु हुनेको दरमा भने वृद्धि भएको जिल्ला ट्राफिक कार्यालय लहानका प्रमुख प्रहरी निरीक्षक पोषणराज थपलियाले बताए ।

"दुर्घटना अनुसन्धान गर्दा जिल्लामा भएका अधिकांश सवारी दुर्घटनामा चालककै बढी गल्ती, कारण हुने गरेको देखिन्छ । यसका कारण वार्षिक धेरै मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ"–प्रहरी निरीक्षक थपलियाले भने । उनका अनुसार मापसे र लापसे गरी सवारी चलाउँदा, सवारी उछिन्न खोज्ने, यान्त्रिक गडबडी, तीव्रगति, सडक चौपाया, क्षमताभन्दा बढी यात्री बोक्ने, ट्राफिक नियम उल्लङ्घन, बढ्दो मात्राका अव्यवस्थित सिटी रिक्सालगायत कारणले दुर्घटना हुने र दुर्घटनाबाट मानिसको मृत्यु हुने गरेको बताए ।

# तीन महीनामा प्राधिकरणको नाफा नौ अर्ब ११ करोड ३२ लाख

काठमाडौं, ३ पुस/रासस

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको पहिलो तीन महीनामा रु नौ अर्ब ११ करोड ३२ लाख बराबरको नाफा कमाएको छ । यो करकट्टी गर्नु अघिको नाफा हो ।

चालू आवको साउनदेखि असोज मसान्तसम्म ब्याज तथा अन्य आम्दानी समेत कुल आम्दानी रु ४१ अर्ब ८० करोड ६८ लाख रहेको छ। यस्तै रु ३२ अर्ब ६९ करोड ३६ लाख बराबरको खर्च भएको छ ।

सो अवधिमा प्राधिकरणले रु ३२ अर्ब ६९ करोड ३६ लाख बराबरको सञ्चालन सम्भार खर्च गरेको छ। यस्तै, विभिन्न वितरण केन्द्रको विद्युत् बिक्री रकम रु २८ अर्ब ९५ करोड आठ लाख ९८ हजार रहेकोमा रु २६ अर्ब ७७ करोड ६६ लाख ५७ हजार रहेको छ।

प्राधिकरणले आफ्ना र सहायक कम्पनीबाट रु ८७ करोड ५२ लाख र अन्य निजी उत्पादक कम्पनीबाट तीन अर्ब २२ करोड ९५ लाख गरी जम्मा चार अर्ब १० करोड ४७ लाख युनिट खरीद गरेको छ। त्यसका लागि रु २१ अर्ब नौ करोड १७ लाख बराबर भुक्तानी गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

गत साउनदेखि असोज मसान्तसम्म भारतबाट बिजुली आयात गरिएको छैन। असोजको दोस्रो साताको बाढीका कारण अपेक्षित निर्यात हुन नसके पनि सो अवधिमा आयात भने गर्नु नपरेको प्राधिकरणको भनाइ छ। सो अवधिमा प्राधिकरणले भारततर्फ एक अर्ब ४० करोड ६१ लाख युनिट बिजुली निर्यात गरी रु १० अर्ब ८८ करोड ८७ बराबर आम्दानी गरेको छ। नेपाल सरकार र वैदेशिक सहयोग एवं लगानीमार्फत रु १६ अर्ब ९३ करोड ९१ लाख २७ हजार बराबर खर्च भएको छ । विभिन्न आयोजना र विद्युतीकरणका लागि सो रकम खर्च गरिएको हो। त्यसका लागि रु १० अर्ब ८८ करोड ३८ लाख १० हजार बराबर रकम प्राधिकरण आफैंले खर्च गरेको छ। त्यस्तै वैदेशिक भुक्तानी रु छ अर्ब पाँच करोड ५३ लाख १७ करोड बराबर रहेको छ।

# मङ्सिरमा घरजग्गा कारोबारबाट करीब चार अर्ब राजस्व सङ्कलन

काठमाडौं, ३ पुस/रासस

अघिल्लो महीनाको तुलनामा गत मङ्सिरमा घरजग्गा कारोबारबाट सङ्कलन हुने राजस्वमा वृद्धि भएको छ।

गत कात्तिकमा घरजग्गा कारोबारबाट रु दुई अर्ब ७० करोड ४० लाख ४६ हजार ६४५ बराबर राजस्व सङ्कलन भएकोमा मङ्सिरमा रु तीन अर्ब ८७ करोड ४८ लाख २६ हजार ९७६ बराबर सङ्कलन भएको हो ।

मङ्सिरमा देशभर ४३ हजार ३७९ सङ्ख्यामा घरजग्गा कारोबार भएको भूमि व्यवस्था तथा अभिलेख विभागले जनाएको छ । यस्तै, गत कात्तिकमा देशभर ३३ हजार ५१४ सङ्ख्यामा घरजग्गा कारोबार भएको थियो । विभागका अनुसार मालपोत कार्यालय, लगनखेलले रु ३३ करोड ९५ लाख दुई हजार ८७३ बराबरको राजस्व सङ्कलन गरेको छ ।

काठमाडौं उपत्यकामा नौवटा मालपोत कार्यालय छन्। तीमध्ये मालपोत कार्यालय, कलङ्कीले रु २६ करोड ५७ लाख २५ हजार ४२५, मालपोत कार्यालय चाबहिलले रु २२ करोड ५८ लाख २३ हजार ८१५, साँखुले रु सात करोड ५० लाख २२ हजार ६२९, मनमैजुले रु सात करोड २६ लाख ३४ हजार २३३, टोखाले रु सात करोड १२ लाख ४५ हजार ७६५ बराबरको राजस्व सङ्कलन गरेको छ।

यस्तै, मालपोत कार्यालय विराटनगरले रु १० करोड ४९ लाख १० हजार ३९१, मालपोत कार्यालय चितवनले रु ३५ करोड ९८ लाख ३१ हजार १८४ बराबर राजस्व सङ्कलन गरेका छन् ।

विभागमा अनुसार मङ्सिरमा सेवा कर रु २६ करोड छ लाख २५ हजार ६९०, रजिस्ट्रेशन दस्तुर रु दुई अर्ब ६३ करोड ७८ लाख १२ हजार ३४० बराबर सङ्कलन भएको छ। त्यस्तै, रु एक अर्ब ३१ कोड ६३ लाख ४३ हजार ७१४ बराबरको पूँजीगत लाभकर सङ्कलन भएको छ।


**लक्ष्मीनारायण मठको प्रवेशद्वारः** मुलुकभरिकै मठहरूको प्रमुख मानिने महोत्तरीको मटिहानी–७ स्थित लक्ष्मीनारायण मठको मुख्य भवनको प्रवेशद्वारमा रहेका सिंहका प्रतिमा। तस्बिरः गोपालप्रसाद बराल/रासस

# सिस्नेरी–दक्षिणकाली सडक ११ गतेसम्म बन्द

मकवानपुर, ३ पुस/रासस

हेटौंडाबाट सङ्घीय राजधानी काठमाडौं जोड्ने सिस्नेरी–दक्षिणकाली सडकमा बुधवारदेखि यही पुस ११ गतेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले सो सडक अन्तर्गत दक्षिणकाली–छैमलेमा कालोपत्र गर्न लागिएकोले सवारी सञ्चालनमा रोक लगाइएको बताए । यस्तै सडक स्तरोन्नतिका लागि कुलेखानी–फाखेल–मातातीर्थ सडकमा पनि यातायात सञ्चालनमा रोक लगाइएको छ।

सो सडक बन्द हुँदा सवारीसाधनलाई वैकल्पिक मार्ग हेटौंडाबाट काठमाडौं जोड्ने कान्ति लोकपथ, त्रिभुवन राजपथ, नारायणगढ मुग्लिन सडकमा भने हाल सवारीसाधन सञ्चालन भइरहेको मकवानपुर जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# चडो सेवा प्रविधि (Surface Ropeway (सतही रोपवे)

विचार



सह-प्राडा लोकबहादुर बराल

**हाम्रो तथा विश्वका पहाडी भूभाग भएका राष्ट्रलाई यो प्रविधि सरल, सस्तो वातावरणमैत्री, अति कम जडान समय, सञ्चालनमा कम खर्चिलो र प्रभावकारी हुन्छ । यो प्रविधिको मुख्य विशेषता प्रयोगकर्तालाई सहजीकरण गर्नु नै हो ।**

यातायात अहिलेको आधुनिक मानवजगत्‌को लागि समृद्धिको आधार हो । हालसम्म विश्वभर विकसित यातायातका साधनहरूले अत्याधुनिक विश्व बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । हाम्रो देशको ८० प्रतिशतभन्दा बढी भूभाग पहाडले ढाकेको छ, यी सबै क्षेत्रमा पूर्णरूपमा यातायातको सुविधा पुऱ्याउन चुनौतीपूर्ण छ । प्रत्येक पहाड क्षेत्रका चुलीमा यातायातको प्रभावकारी सुविधा पुऱ्याउन आर्थिक हिसाबले महँगो हुनुका साथै प्राविधिक हिसाबले पनि कठिन छ । यातायातको पूर्ण विकास नभएको पहाडी भूभागमा विकसित र विकासशील मुलुकमा समेत आर्थिक एवं प्राविधिक हिसाबले चुनौतीपूर्ण विषय हुन्छ नै ।

यातायात क्षेत्रको विकासका लागि सडकमार्ग निर्माण गर्दा पहाडी क्षेत्रको वातावरण बिग्रन पुग्छ । त्यति मात्रै होइन, नेपालमा चल्ने अधिकांश सवारीसाधन पेट्रोल, डिजेलबाट मात्रै चल्ने खालका छन्, यी सवारीसाधनबाट निस्कने धूवाँ र हरितगृह ग्याँसले वातावरण प्रभावित भइरहेको छ । उसो त नेपालमा विद्युतीय सवारीसाधनको अभ्यास शुरू नभएको होइन, तर यी सवारीसाधनले पूर्णता पाइनसक्नु र डिजेल, पेट्रोलबाट चल्ने सवारीसाधनमा विद्युतीय सवारीसाधनमा रूपान्तरण भई नसक्दा भने वातावरणीय प्रदूषण भइरहेको छ ।

यसको विकल्पमा नेपाल जस्तो पहाडी मुलुकले अपनाउन सक्ने यातायातको साधन भनेको रज्जुमार्ग अर्थात् रोपवे प्रविधि पनि हो । पहाडमैत्री रोपवेभित्र पर्ने विश्वमैं पहिलोपटक नेपालमैं आविष्कार तथा निर्माण गरिएको चक्रे डोरो यातायात प्रविधि (Circulating Rope Transportation Technology) जो अति सरल, सस्तो र वातावरणमैत्री छ । यसले दिने सेवालाई छोटकरीमा चडो सेवा (चक्रे डोरो यातायात सेवा) नामकरण गरिएको छ । त्यसैका बारेमा यस लेखमा उल्लेख गरिएको छ ।

दुई ठूला फलामे चक्का (Bull Wheel) बीच निरन्तर घुमिरहने फलामे चक्रे डोरो वा लट्ठा (Iron rope loop) वा अचल हुनेगरी तानिएको ठूलो फलामे डोरी (Iron rope)मा डब्बा जडित मान्छे तथा सामान लतारेर वा तानेर ओसारपोसार गर्न मिल्नेगरी बनाएको आकाशे र सतही सेवालाई रोपवे (Ropeway) अर्थात् नेपालीमा रज्जुमार्ग (रमा) भनिन्छ ।

सर्वसाधारण नेपालीको भाषामा केबलकार भनेर बुझिने रज्जुमार्गका विभिन्न हाँगाबिंगाहरू छन् । मूलरूपमा त्यसलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

१. हवाई रज्जुमार्ग (Aerial Ropeway)

२. सतही रज्जुमार्ग (Surface Ropeway) दुई ठूला फलामे चक्काबीच निरन्तर घुमिरहने चक्रे फलामे डोरो



सन् २०१४ मा निर्माण गरिएको व्यवहारीक नमुना, त्रि.वि. सेडा ९ऋभ्म्ब० परिसरमा जडान गरी उकालो ओरालो गर्नमा सफल प्रयोग गरिएको थियो ।

(Iron rope loop)मा घिर्नी जडित लामाथि गुडेर चल्ने डब्बा हुन् वा लामै जडित मानव तथा सामान ढुवानी गर्ने डब्बा (Cabin) सहितका हावामा झुन्डिनेलाई हवाई रज्जुमार्ग भनिन्छ । त्यसैगरी, सतहमा बिछ्याइएका रेलमा लाले तानेर गुड्ने डब्बा जसले मान्छे तथा सामान ओसारपोसार गर्छन्, त्यसलाई सतही रज्जुमार्ग भनिन्छ ।

हवाई तथा सतही रज्जुमार्गका विभिन्न हाँगाबिंगा छन् तर यस लेखमा सतही रज्जुमार्गभित्र पर्ने गुरुत्व (Gravity) र खुट्टे (Foot) बलद्वारा चालित चडो सेवाको बारेमा चिनारी र यसको महत्त्वका बारेमा प्रकाश पारिनेछ । चडो सेवा प्रविधि एक नवप्रवर्तन प्रविधि हो, जसको चक्रे लामा तलमाथि आवतजावत गर्ने व्यक्तिको शरीरलाई जोडेर हिंडाउने वा तान्ने काम हुन्छ । माथि भनिएका केही उपकरण तथा सामग्रीहरू जोडेर बनाएको पूर्ण संरचना नै चडो यातायात प्रविधि हो । यसले प्रयोगकर्ताको उकालो–ओरालो हिंडाइलाई अति नै हल्का र सजिलो गराउँछन्, जसको सैद्धान्तिक र प्राविधिक व्याख्या तल उल्लेख गरिएको छ :

**चडो सेवा प्रविधि:** पहाडको उकालो सतहमा तलमाथि मानी (Axle) मा घुम्न मिल्ने गरी जडिएका दुईवटा ठूला चक्का (ठुच) (Bull wheel)को वरिपरि घुम्ने फलामे ला (घुफल) (circulating cable-CC) हुन्छ । यसै घुफलमा प्रयोगकर्ताले शरीरमा लगाएको पेटी जसलाई शरीर जोड्ने डोरो (शजोडो) (Body connecting cable- BCC) को सहायताले जोडिएका हुन्छन् । यसरी घुफलमा जोडिएका उकालो चढ्ने व्यक्ति (Ascending Person) र ओरालो झर्ने व्यक्ति (Descending Person) हिंड्न शुरू गर्छन् ।

तब को शरीरको तौलको बल केही मात्रामा घुम्ने फलामे ला (घुफल)मा सरेर जान्छ र सो सरेको बलले उचव्यलाई तान्ने काम हुन्छ । जसले गर्दा उकालो हिंड्ने व्यक्तिलाई उकालो हिंडेको जस्तो नै लाग्दैन अर्थात् सम्म बाटोमा हिंडेकोभन्दा पनि अझ सजिलो हुन्छ । हिंडाइको यस्तो सजिलोपनको पुष्टि सैद्धान्तिक र व्यावहारिकरूपमैं गरिएको छ ।

**चडो सेवा कुन इन्धनले चल्छ त ?:** यस सेवा सञ्चालनमा कुनै बाहिरी इन्धन प्रयोग गरिएको हुन्न । जब घुफलमा जोडिएको उकालो चढ्ने व्यक्ति (Ascending Person) र ओरालो झर्ने व्यक्ति (Descending Person) हिंड्न शुरू गर्छन्, तब ओझव्यको शरीरको तौलको बल केही मात्रामा चडोमा सरेर जान्छ र सो सरेको बलले उचव्यलाई तान्ने काम हुन्छ । ओर्लने प्रयोगकर्तामा गुरुत्वाकर्षण बलका कारणले प्राप्त गुरुत्वाकर्षण बल ऊर्जा (गुबउ) (Gravitational Potential Energy-GPE) हो । ओझव्य र उचव्य प्रयोगकर्ताहरूको खुट्टाले लगाउने ऊर्जा खुट्टे बल ऊर्जा (खुबउ) हो । उपलब्ध यस्ता दुईवटा ऊर्जा स्रोत जसलाई उपयोग गरी चडो सेवा सञ्चालन हुने गर्छ ।

**चडो सेवाका विशेषताहरू:**

१) हिंडाइ अति नै सजिलो
२) सादा प्रविधि
३) अति नै सस्तो प्रविधि
४) वातावरणमैत्री
५) कम ध्वनि प्रदूषण
६) छोटो जडान समय
७) सामानहरू हल्का

**प्रयोग क्षेत्र**

१) सार्वजनिक यातायात
२) सामान तथा अशक्त व्यक्तिलाई ओसारपोसार गर्न
३) व्यक्तिगत प्रयोजन
४) रूख चढाइ (Tree Climbing)
५) बच्चाहरूलाई रमाइलो तथा सिकाइ
६) पर्यटन

६.१) पर्यटकलाई पदयात्रा र सामान ढुवानी गर्न, (६.२) क्लाइम्बिङ (Climbing), (६.३) क्यान्योनिङ (Canyoning), (६.४) रूख चढाइ (Tree Climbing)

**यस प्रविधिका फाइदाहरू**

पहाडी बस्ती वा पर्यटकीय हिसाबले महत्त्वपूर्ण प्रत्येक पहाडका टाकुरामा अल्पविकसित राष्ट्रको त कुरै छोडौं विकसित राष्ट्रको लागि पनि यातायातको विकास गर्न आर्थिक तथा वातावरणीय हिसाबले सहज अवस्था छैन । त्यसको विकल्पको रूपमा चडो सेवा प्रविधि अपनाउन सकिन्छ । सरल, सस्तो र वातावरणलाई अति कम क्षति गर्ने प्रविधि चडो सेवा प्रविधि लागू गर्नाले सहजै यातायातको पहुँचमा वृद्धि गर्न सकिन्छ । जसबाट:

- उकालो ओरालो हिंडाइ, सम्म बाटोमा हिंड्नुभन्दा पनि सजिलो,
- पहाडी क्षेत्रको पर्यटन विकास हुने,
- सजिलो यातायात सुविधाले पहाडी क्षेत्रमा बढी नै चहलपहल हुने,
- सरल, सस्तो र वातावरणमैत्री यस प्रविधिलाई जताततै छोटो समयमा जडान गर्न सकिने,
- शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रको विकासले मानव चेतना वृद्धि हुने,
- लघु औद्योगिकीकरण र रोजगारको अवसरमा वृद्धि,
- पर्यटन, कृषि जस्ता रोजगार दिने क्रियाकलापले बसाइँसराइ न्यूनीकरण हुने,
- ढुवानीको सुविधाले गर्दा स्थानीय वस्तु उत्पादनमा प्रवर्द्धन र प्रोत्साहन भई आर्थिक सम्भावनाका बाटोसमेत खुल्ने,
- पहाडमा पनि रोजगार प्राप्त हुन्छ, जसले शहर केन्द्रित बसाइँसराइमा कमी भई वातावरणीय प्रदूषण न्यूनीकरण हुने,
- वातावरण जोगाउन अत्यन्त प्रभावकारी माध्यम ।

**सरोकार पक्षलाई सुझाव**

चडो सेवा प्रविधि लागू गरी पहाडी भूभाग भएका राष्ट्रहरूले मनग्य फाइदा लिन सक्छन् । यस प्रविधिलाई अघि बढाउन निम्न सरोकार पक्षलाई सुझाव गरिन्छ :

१. सरकार
२. गैरनाफामूलक संस्थाहरू
३. मध्यम आयदेखि माथिका व्यक्तिहरू

**निष्कर्ष:**

हाम्रो तथा विश्वका पहाडी भूभाग भएका राष्ट्रलाई यो प्रविधि सरल, सस्तो वातावरणमैत्री, अति कम जडान समय, सञ्चालनमा कम खर्चिलो र प्रभावकारी हुन्छ । यो प्रविधिको मुख्य विशेषता प्रयोगकर्तालाई सहजीकरण गर्नु नै हो । उकालो र ओरालो हिंडाइलाई अति नै सजिलो गराउने हुनाले यो प्रविधि पहाडी यातायातमैत्री हुन सक्ने देखिएको छ । त्यति मात्रै होइन, यस प्रविधिलाई वैकल्पिक यातायातको रूपमा प्रयोग गराइ राष्ट्रिय यातायात तथा आर्थिक विकासमा समेत योगदान दिन सक्ने हुनाले सबै सरोकारवाला पक्ष यस प्रविधिलाई लागू गर्नेतर्फ जागरूक हुन आवश्यक छ ।

- lokbaral@gmail.com
क्याम्पस प्रमुख, अमृत साइन्स क्याम्पस
(साभार: विज्ञान लेखमाला)



**नुवाकोटको गुरुङगाउँः** नुवाकोटको शिवपुरी गाउँपालिका–७ स्थित गुरुङगाउँको बस्ती । तस्बिरः हरिराम भेटुवाल/रासस

## फरक समाचार

# जाडोमा चीसो पानीले नुहाउनुको फाइदा

जाडो मौसममा चीसो पानीले नुहाउँदा धेरै फाइदा प्राप्त गर्न सकिन्छ । जाडोको मौसममा धेरैजना दैनिक नुहाउन चाहँदैनन् । कतिपयलाई अत्यधिक तातो पानीले नुहाउन मन पर्छ । धेरै तातो पानीले नुहाउँदा केही बेफाइदा पनि छ ।



हप्तामा कम्तिमा एक वा दुईपटक चीसो वा सामान्य पानीले नुहाउनुपर्छ । भर्खरै गरिएको एक अध्ययन अनुसार चीसो पानीले नुहाउँदा धेरै फाइदा हुने खुलासा भएको छ ।

नेशनल लाइब्रेरी अफ मेडिसिनमा सन् २०२२ मा प्रकाशित एउटा रिपोर्टमा भनिएको छ– चीसो पानीले नुहाउँदा धेरै स्वास्थ्य लाभ हुन्छ । यो समीक्षा मानिसले चीसो पानीमा (आफ्नो स्वेच्छाले) नुहाएपछि स्वास्थ्यमाथि हुने प्रभावमा आधारित छ । यो रिपोर्ट बहु–डाटाबेस सर्वेक्षणमा आधारित छ । धेरै अनुसन्धान र फिल्टरिङ प्रक्रिया पार गरेपछि १०४ वटा अध्ययनहरूलाई प्रासङ्गिक माानिएको छ । अध्ययन अनुसार जाडोको मौसममा चीसो पानीले नुहाउँदा पनि धेरै स्वास्थ्यलाभ पाउन सकिन्छ ।

विज्ञहरूका अनुसार जाडोमा चीसो पानीले नुहाउँदा शरीरमा रक्तसञ्चार बढ्छ । शरीरमा अक्सिजन र रगत पर्याप्त मात्रामा पुग्छ । जाडोको मौसममा जब तपाईं चीसो पानीले नुहाउनु हुन्छ तब रगत कोशिकाहरू खुम्चन्छन् र त्यसपछि यो फैलिन्छ, जसका कारण शरीरका सबै अङ्गहरूमा रगत सजिलै पुग्छ ।

चीसो पानीले नुहाउँदा रोग प्रतिरोधात्मक क्षमता बढ्छ । रोग प्रतिरोधात्मक क्षमता बलियो भएपछि शरीरले धेरै प्रकारका रोगहरूसँग सजिलै लड्न सक्छ ।

छालामा चीसो पानी पर्दा छालाको खुला छिद्र बन्द हुन्छ । यसले छालालाई टाइट र चम्किलो बनाउँछ । धेरै सेलिब्रेटीहरू बरफको पानीले आफ्नो अनुहार सफा गर्ने गर्छन् । उनीहरू अनुहारमा बरफ दल्ने गर्छन् ।

तातो पानीको तुलनामा चीसो पानीले कपाल सफा गर्नुका साथै नरम र चम्किलो बनाउँछ । तातो पानीले कपाल धुँदा सुख्खा, कडा र निर्जीव देखिन्छ ।

आजको समयमा सबैको जीवनमा तनाव र चिन्ता छ । यस्तो अवस्थामा तनावपूर्ण जीवनबाट मुक्ति पाउन एकपटक चीसो पानीले नुहाउनुस्, किनभने यसले शरीरमा एन्डोर्फिन हर्मोनको स्तर बढाउँछ । यसले तपाईंको व्यवहार राम्रो बनाउँछ ।

चीसो पानीले मांसपेशी सुन्निने समस्या पनि कम हुन्छ । तर विज्ञहरूले केही कुरालाई ध्यानमा राख्नुपर्ने सल्लाह दिएका छन् । मुटुसम्बन्धी कुनै पनि रोग, उच्च रक्तचाप वा मधुमेह भएका व्यक्तिहरूले चीसो वा बरफ पानीले नुहाउनु अघि चिकित्सकको सल्लाह अवश्य लिनुपर्छ, अन्यथा स्वास्थ्य बिग्रन सक्छ ।

# पुरुष छोटो कदकी महिलाप्रति किन आकर्षित हुन्छन् ?

हालै गरिएको अध्ययन अनुसार केटाहरू प्रायः छोटो उचाइ भएका केटीहरूप्रति आकर्षित हुन्छन् । धेरै अनुसन्धान र अध्ययनले पत्ता लगाएको छ– पुरुष



शारीरिकरूपले छोटो उचाइ र पातलो शरीर भएका महिलाहरूप्रति आकर्षित हुन्छन् । तर यो आकर्षण संस्कृति, व्यक्तिगत कारण र समाजमा प्रचलित विचारका आधारमा पनि परिवर्तन हुन सक्छ । पुरुषहरू भावनात्मकरूपमा आफूभन्दा कम होचो महिलासँग जोडिएको महसूस गर्छन् । यो जैविकरूपमा एउटा प्राकृतिक ढाँचा हुन सक्छ, जसले महिलालाई पुरुषको लागि एक प्रकारको 'सहायक' र 'संरक्षक'को रूपमा प्रस्तुत गर्दछ । यसबाट छोटो कदका महिला अझ आकर्षक र कोमल देखिन्छन् भन्ने भावना सिर्जना गर्दछ ।

इतिहास र समाजमा पुरुषलाई सामान्यतया शारीरिकरूपमा महिलाभन्दा बलियो र अग्लो मानिएको छ । जबकि महिलालाई परम्परागतरूपमा बढी कोमल र ममतामयी छविको रूपमा हेरिएको छ । त्यसैले छोटो उचाइका महिलाप्रति पुरुषको आकर्षण केही हदसम्म सामाजिक संरचना हुन सक्छ ।

छोटो कदका केटीहरू केटाको छातीसम्म पुग्छन् । यस्तो अवस्थामा उनीहरू आफ्नो पार्टनरलाई अँगालो हाल्दा आराम महसूस गर्छन् । केही पुरुष छोटो कदका महिलाहरूप्रति सुरक्षा र हेरचाहको भावना महसूस गर्छन् । किनभने छोटो कदका महिला उनीहरूलाई कोमल र प्यारो देखिन्छन् ।

पुरुष र महिलाबीच शारीरिक भिन्नता हुन्छ (जस्तै पुरुष महिलाभन्दा अग्लो हुन्छ), यसले सम्बन्धमा एक प्रकारको सन्तुलन र परम्परागत भूमिकाको भावना सिर्जना गर्दछ । छोटो कदका महिलाहरू सामान्यतया कोमल र आकर्षक शरीरको लागि चिनिन्छन्, जसका कारण पुरुषहरूको ध्यान आकर्षित हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# दक्षिण कोरियाका राष्ट्रपति युन भ्रष्टाचार नियन्त्रण निकायसमक्ष उपस्थित हुन अस्वीकार



दक्षिण कोरियाका राष्ट्रपति युन सुक योल । तस्वीरः एजेन्सी

सियोल, ३ पुस/एएफपी

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले बुधवार देशको भ्रष्टाचार निगरानी निकायसमक्ष उपस्थित हुन अस्वीकार गरेका छन् ।

डिसेम्बर ३ मा सैनिक शासनको अल्पकालीन घोषणापछि संसद्ले उनलाई गत साता जिम्मेवारीबाट हटाएको थियो । राष्ट्रपतिको कदमले दक्षिण कोरियालाई दशकौंपछि सबैभन्दा खराब राजनीतिक सङ्कटलाई निम्त्याएको छ ।

भ्रष्टाचार अनुसन्धान कार्यालयका अनुसन्धानकर्ताहरूले उनलाई विद्रोह र शक्तिको दुरुपयोगको आरोपमा सोधपूछका लागि स्थानीय समय अनुसार बिहान १०:०० बजे सियोलस्थित आफ्नो कार्यालयमा बोलाएका थिए ।

कार्यालयका एक अधिकारीले एएफपीसँग भने, "राष्ट्रपति युनलाई आज अनुसन्धानका लागि बोलाइएको थियो तर उपस्थित हुनुभएन ।"

योनहाप समाचार संस्थाका अनुसार युनको कानूनी टोलीले राष्ट्रपतिले अदालतमा मुद्दा लड्ने प्रतिबद्धता जनाएको छ ।

"हामीले अनुसन्धान प्रक्रियामा सघाउने कुरामा विमति राखेका छैनौं, अनुसन्धानमा सघाउनेछौं," युनको टोलीका सेओक डोङ–ह्योनलाई उद्धृत गर्दै समाचार एजेन्सी योन्हापले जनाएको छ ।

भ्रष्टाचार अनुसन्धान कार्यालयले यसै हप्ता युनलाई अनुसन्धानका लागि पठाएको पत्र राष्ट्रपति कार्यालयका एक व्यक्तिले बुझ्न अस्वीकार गरेपछि फिर्ता भएको थियो ।

अनुसन्धान कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "बुधवार युन अनुपस्थित हुनुलाई अदालतमा हाजिर हुन गरिएको पहिलो परिपत्रलाई उल्लङ्घन गरेको मानिनेछ ।"

अनुसन्धानकर्ताहरूले दोस्रो परिपत्रका लागि तयारी गरिरहेको बताएका छन्, तर भ्रष्टाचार अनुसन्धान कार्यालयका प्रमुख ओह डोङ–वुनले मङ्गलवार संसद्मा भने, "अधिकारीहरूले गिरफ्तारी वारेन्ट जारी गर्ने वा नगर्नेबारे पनि 'छलफल' गरिरहेका छन् ।"

युनमाथि दक्षिण कोरियाली अभियोजकका साथै प्रहरी, रक्षा मन्त्रालय र भ्रष्टाचारविरोधी अनुसन्धानकर्ताहरूको संयुक्त टोलीले अनुसन्धान गरिरहेको छ ।

यो आरोपमा राष्ट्रपति र उनका निकटका केही सदस्यहरू दोषी ठहरिएमा आजीवन कारावास वा मृत्युदण्डको समेत सामना गर्न सक्छन् ।

राष्ट्रपतिमाथि अहिले पनि अन्तर्राष्ट्रिय यात्रा प्रतिबन्ध छ ।

दक्षिण कोरियाको संवैधानिक अदालतले सोमवारदेखि युनविरुद्ध मुद्दा चलाएको छ र महाभियोगलाई कायम राख्ने कि नराख्ने भन्ने विषयमा छुट्टाछुट्टै छलफल गरिरहेको छ ।

अदालतले बुधवार युनलाई दुई साता अघि जारी गरेको सैनिक कानूनसम्बन्धी आदेशका साथै घोषणा हुनु अघि र पछि प्रत्यक्षरूपमा बसेको क्याबिनेट बैठकको अभिलेख पेश गर्न आदेश दिएको थियो ।

युनको मुद्दाको फैसला गर्न न्यायाधीशहरूसँग लगभग छ महीनाको समय छ र प्रारम्भिक सुनवाइ डिसेम्बर २७ का लागि तय गरिएको छ । रासस

# हाइटीमा सशस्त्र समूहको आगजनीपछि अस्पताल बन्द

पोर्ट–ओ–प्रिन्स, हाइटी, ३ पुस/एएफपी

हाइटीको राजधानी पोर्ट–ओ–प्रिन्सस्थित एक प्रमुख अस्पतालमा सशस्त्र समूहको आक्रमणपछि आगजनी गरिएको अस्पताल र प्रहरी स्रोतले मङ्गलवार जानकारी दिएका छन् ।

बर्नार्ड मेभ्स अस्पतालमा सोमवार राति भएको आगलागीमा कोही पनि हताहत नभएको अस्पताल स्रोतले जनाएको छ तर आगलागीबाट उपचार कक्षका चार कोठा, प्रयोगशाला, परीक्षण उपकरण र प्रशासनिक कार्यालय जलेर नष्ट भएका छन् ।

'मोलोटोभ ककटेल' प्रयोग गरेर अस्पतालमा आगो लगाएका संदिग्ध आक्रमणकारीहरू 'भिभ अन्सानम' गठबन्धनसँग सम्बन्धित गिरोहका सदस्य थिए ।

उनले भने–"आक्रमणले राजधानीको चिकित्सा क्षमतामा उल्लेखनीय प्रभाव पार्नेछ ।"

देशको सबैभन्दा उन्नत 'मेडिकल इमेजिंग टेक्नोलोजी' भएको निजी अस्पतालले हाइटीको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

क्यारेबियन राष्ट्रको राजधानीमा एक महीनाभन्दा बढी समयदेखि सशस्त्र समूहले आक्रमण गरिरहेको अवस्थामा बढ्दो उथलपुथलको यो पछिल्लो उदाहरण हो ।

संयुक्त राष्ट्रसङ्घ र एक स्थानीय गैरसरकारी संस्थाका अनुसार डिसेम्बरको शुरुमा एक 'शक्तिशाली गिरोहका नेता'ले 'भुडू व्यवसायी' विरुद्ध गरेको नरसंहारमा करीब २०० जनाको मृत्यु भएको थियो । रासस

# दोहा वार्ता 'सकारात्मक' –हमास

दोहा, ३ पुस/एएफपी

इजरायली प्रतिनिधिमण्डल मध्यस्थकर्तासँग भेटघाट गर्न गएको एक दिनपछि हमासले युद्धविराम र गाजामा बन्धक बन्दी आदानप्रदान गर्ने उद्देश्यले कतारमा भएको वार्ता 'गम्भीर र सकारात्मक' भएको जनाएको छ ।

प्यालेस्टिनी लडाकू समूहले मङ्गलवार जारी गरेको विज्ञप्तिमा भनिएको छ– "कतार र इजिप्टको मध्यस्थतामा दोहामा भएको वार्ता गम्भीर र सकारात्मक भएको र छलफलले युद्धविराम र कैदी आदानप्रदानका लागि सहमतिमा पुग्न सम्भव छ भन्नेमा हमास विश्वस्त छ ।"

दुई पक्षबीच खाडल कम गर्ने उद्देश्यले वार्ताका लागि इजरायली अधिकारीहरू सोमवार दोहा आइपुगेको वार्ताबारे जानकार स्रोतले एएफपीलाई जानकारी दिएको छ ।

गत बुधवार मोसादका गुप्तचर प्रमुख डेभिड बर्नियाले कतारको राजधानी दोहाको भ्रमण गरेपछि उक्त भेटवार्ता भएको स्रोतले नाम नबताउने शर्तमा जनाएको छ ।

संयुक्त राज्य अमेरिका र इजिप्टसँगै कतारले इजरायल र हमासबीच गाजामा युद्धविराम र बन्धक रिहाइका लागि महीनौंदेखि मध्यस्थता गर्दै आएको छ ।

तर गत वर्षको अन्त्यमा इजरायली जेलमा रहेका प्यालस्टिनीहरूको बदलामा सयौं बन्धक रिहा गरिएको एक हप्ताको युद्धविरामबाहेक लगातार भएका वार्ताहरू युद्ध रोक्न असफल भएका थिए ।

सोमवार इजरायली रक्षामन्त्री इजराइल काट्जले आफ्नो देशका वार्ताकारहरू सन् २०२३ को नोभेम्बरमा भएको युद्धविरामपछि सम्झौताको नजीक नपुगेको बताएका थिए ।

दोहास्थित हमासका एक वरिष्ठ अधिकारीले सम्झौताका लागि 'पहिलेभन्दा निकै नजीक' भएको तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले अझै पनि 'पहिलेजस्तै सम्झौता बिथोल्न सक्ने' बताएका छन् ।

हमासनिकट अर्को एक स्रोतले भन्यो– "सबै कुराले हामी सम्झौताको नजीक पुगेको सङ्केत गर्छ, मलाई आशा छ नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथ अघि अर्थात् जनवरी २० अघि नै सम्झौता हुने सम्भावना छ । "

हमासको सहयोगी इस्लामिक जिहादका उपप्रमुख मोहम्मद अल–हिन्दले गाजामा अझै पनि केही बन्धक रहेको विश्वास गरिएको अवस्थामा आफ्नो समूहद्वारा प्रस्तावित सम्झौताबारे छलफल गर्न इजिप्टका अधिकारीहरूसँग भेट गरेको बताएका छन् ।

वार्ताबारे जानकार एक स्रोतका अनुसार उनीहरू 'प्यालेस्टिनी कैदीहरूको बदलामा जीवित इजरायली नागरिक कैदीको रिहाइको साथै मानवीय चरणबाट शुरू हुने दुई वा तीन चरणको बन्दी आदान–प्रदान सम्झौतामा पुग्न केन्द्रित छन् । रासस



**उवा बाली भित्र्याउन व्यस्त कृषक**: डोल्पाको उत्तरी क्षेत्रमा पर्ने उपल्लो डोल्पाको डोल्पोबुद्ध गाउँपालिका–५ तिन्जेमा उवा चुट्दै कृषक । उच्च हिमाली क्षेत्रमा पर्ने उपल्लो डोल्पाका खेतबारीमा वर्षमा एक बाली मात्र उत्पादन हुने गर्छ । तस्बिरः रामचन्द्र न्यौपाने/रासस

# चन्द्रनिगाहपुर अस्पताललाई विभिन्न उपकरण हस्तान्तरण

चन्द्रपुर (रौतहट), ३ पुस/रासस

जिल्लाको चन्द्रपुर नगरपालिकास्थित चन्द्रनिगाहपुर नगर अस्पतालमा ट्रमा सेन्टर सञ्चालन गर्न आवश्यक उपकरण हस्तान्तरण गरिएको छ । लायन्स अन्तर्राष्ट्रिय क्लब र चन्द्रपुर नगरपालिकाको साझेदारीमा अस्पताललाई रु एक करोड ६० लाख मूल्य बराबरका विभिन्न उपकरण हस्तान्तरण गरिएको छ ।

पूर्व–पश्चिम महेन्द्र राजमार्गनजीक रहेको चन्द्रनिगाहपुर अस्पतालमा ट्रमा सेन्टर सञ्चालनको लागि लायन्स अन्तर्राष्ट्रिय क्लब र चन्द्रपुर नगरपालिकाको साझेदारीमा चन्द्रनिगाहपुर अस्पताललाई ट्रमा सेन्टर सञ्चालनको लागि अति आवश्यक सामग्री हस्तान्तरण गरिएको थियो ।

'एनेस्थेसिया', 'भेन्टिलेटर', 'ओटी टेबल सेट', 'ओटी लाइट सेट', 'आइसियू बेड'सहित 'सेटअफ'लगायत ट्रमाका लागि आवश्यक पर्ने दुई सयभन्दा बढी उपकरण अस्पताललाई सहयोगस्वरूप प्राप्त भएको अस्पतालका प्रमुख डा अभिनन्दन श्रीवास्तवले जानकारी दिए ।

पूर्व–पश्चिम राजमार्गसँग जोडिएको जिल्लाको चन्द्रनिगाहपुरमा ट्रमा सेन्टर सञ्चालनमा आएपछि प्राकृतिक प्रकोप, दुर्घटनामा परेका बिरामीलाई उपचारमा सहज हुने चन्द्रपुरका नगरप्रमुख सञ्जयकुमार काफ्लेले बताए । लायन्स अन्तर्राष्ट्रिय क्लबले करीब रु एक करोड ६० लाख मूल्यका सामग्री हस्तान्तरण गरेपछि अस्पतालले कार्यविधि बनाएर सञ्चालनमा ल्याउने उनले उल्लेख गरे ।

सडक दुर्घटना, प्राकृतिक विपद्ले मानवको अकालमा ज्यान नजाओस् भन्ने उद्देश्यले अस्पतालमा ट्रमा सेन्टर सञ्चालनमा ल्याउन लागिएको नगरप्रमुख काफ्लेले बताए ।

लायन्स अन्तर्राष्ट्रियका प्रमुख बालकृष्ण बुर्लाकोटीले चन्द्रपुर राजमार्गसँग जोडिएकोले दुर्घटनाको जोखिम उच्च रहने भन्दै यहाँ ट्रमा सेन्टर सञ्चालन भएसँगै घाइतेले तत्काल उपचार पाउने विश्वास व्यक्त गरे । लायन्सले विभिन्न परियोजनामार्फत शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग गर्दै आइरहेको उनले जानकारी दिए ।

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो

काठमाडौं, ३ पुस/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सामान्य अङ्कले घटेको छ । बुधवार पूँजीबजार परिसूचक पाँच दशमलव ६० अङ्कले घटेर दुई हजार ६२८ दशमलव २६ को बिन्दुमा कायम भएको नेप्सेले जनाएको छ ।

आजको कारोबारमा ३१४ कम्पनीका ८१ लाख ४७ हजार ३२० कित्ता शेयर ४९ हजार ४२१ पटक खरीद–बिक्री भएका छन् । पछिल्ला दिनहरूमा नेप्सेमा कारोबवार रकम निरन्तर घटिरहेको छ । आज पनि कारोबार रकम रु चार अर्ब २७ करोड ८२ हजारमा खुम्चिएको छ ।

वित्त समूह एक दशमलव शून्य सात, लघुवित्त समूह शून्य दशमलव शून्य नौ र व्यापार समूह शून्य दशमलव ५० प्रतिशतले बढेका छन् भने अरू सबै समूहका उपसूचक घटेका छन् । बैंकिङ शून्य दशमलव ३६, विकास बैंक शून्य दशमलव १६, होटल तथा पर्यटन शून्य दशमलव ४२, जलविद्युत् शून्य दशमलव ३६, लगानी शून्य दशमलव ३२ र जीवन बीमा समूह शून्य दशमलव ३३ प्रतिशतले घटेका छन् ।

उत्पादन तथा प्रशोधन शून्य दशमलव ३२, म्युचुअल फन्ड शून्य दशमलव २६, निर्जीवन बीमा शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ३७ अङ्कले घटेका छन् ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सपोर्ट माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९० प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा बढी जानकी फाइनान्स कम्पनी लिमिटेडको रु १५ करोड ५९ लाख २३ हजार २८६ बराबरको एक लाख ७१ हजार ४८६ कित्ता शेयर किनबेच भएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – मित्रमिलन |
| मिथुन – कान्तिक्षय | कर्कट – सुयश |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – अलमल |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुभय | मीन – कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## व्यापार छाडेर ...

नचाहेको उनको बुझाइ छ । प्राविधिक ज्ञान लिएर खेती गर्ने हो भने टमाटर मात्र नभई मौसम अनुसार जुनसुकै हरियो तरकारी उत्पादनबाट राम्रो आम्दानी लिन सकिने उनको दाबी छ ।

तीन वर्ष वैदेशिक रोजगारको क्रममा दुबई बसेर आएका बैठाले टमाटर खेतीबाट घरमैं परिवारसँग बसेर रु चार लाखदेखि पाँच लाखसम्म वर्षमा आम्दानी गर्ने गरेको बताए । उनले आफ्नो एक बिघा र हुण्डामा लिएको १० कठ्ठा खेतमा कविता जातको टमाटर लगाएको बताए ।

**सुरक्षित भण्डारणको समस्या**

उत्पादन भएको तरकारी सुरक्षित भण्डारण गर्ने व्यवस्था नहुँदा किसान मारमा परेको उनीहरूको भनाइ छ । राख्ने ठाउँ नहुँदा व्यापारीको मूल्यमा सामान छाड्नुपर्ने बाध्यता रहेको मङ्गलवार लालबन्दीस्थित कृषि थोक बजारमा टमाटर बिक्रीका लागि आएकी रिता मगरले गुनासो गरिन् ।

"आज मूल्य नभए राखेर भोलि बेच्छु भन्ने अवस्था छैन, बिग्री हाल्छ"–उनले भनिन् । सर्लाहीको बागमती, हरिवन, लालबन्दी, ईश्वरपुर, हरिपुर, चन्द्रनगर, बरहथवालगायत पालिकामा उत्पादन भएका हरियो तरकारी देशका मुख्य बजारसम्म पुग्ने गरेको कृषि थोक बजारका व्यापारी वीरेन्द्र महतोले बताए ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# सखुवाप्रसौनीमा लगाइएको गाँजा ट्याक्टरले जोतेर फँडानी

बलिराम शुक्ला, बिरुवागुठी, ३ पुस/

पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नं १ सखुनिया शान्ति टोलको वन क्षेत्रमा लगाइएको अवैध गाँजाखेती बुधवार ट्याक्टरले जोतेर नष्ट गरिएको छ।

डिभिजन वन कार्यालय पर्सा र विन्ध्यवासिनी कोइलाभार साझेदारी वनको संयुक्त पहलमा कात्तिक १२ गते वन क्षेत्रभित्र लगाइएको गाँजाखेती नष्ट गरिएको थियो। सोही क्षेत्रमा पुनः गाँजा देखिएपछि सुरक्षाकर्मीको सहयोगमा ट्याक्टरले जोतेर करीब छ बिघा क्षेत्रफलमा लगाइएको गाँजाखेती आज नष्ट गरिएको डिभिजन वन कार्यालय, पर्साका प्रमुख मन्जुर अहमदले बताए।



प्रमुख अहमदका अनुसार कात्तिकमा गाजा फँडानी गरेको स्थलमा केही बचेका गाँजाका बोट र नष्ट भएको ठाउँमा अन्य ठाउँबाट बिरुवा ल्याइ गाँजा रोपिएपछि आज तीनवटा ट्याक्टरको सहयोगले जरैदेखि छ बिघामा लगाइएको गाँजाखेती र सात कट्ठाको तोरीबाली नष्ट गरिएको बताए।

विन्ध्यवासिनी कोइलाभार साझेदारी वनका अध्यक्ष रिजवानुल हक अन्सारीका अनुसार गाँजा नष्ट गरिएको क्षेत्रमा साझेदारीले वृक्षारोपण गर्ने तयारी गरेको बताए। आज सशस्त्र प्रहरी बल बागेश्वरी, इलाका प्रहरी कार्यालय, एकटाँगा र सो मातहत रहेको प्रहरी चौकीको सहयोगमा आज गाँजाखेती नष्ट गरिएको र साझेदारीको जग्गा अब अतिक्रमण हुन नदिने बताइएको छ।

डिभिजन वन कार्यालय, पर्साले दुई वर्ष अगाडि लाखौं रकम खर्चेर ४० हेक्टर वन क्षेत्रमा तारबारसहित वृक्षारोपण गरेको स्थलमा वन कार्यालयको लापरवाहीका कारण स्थानीयहरूले वृक्षारोपण मासी गाँजाखेतीका साथै विभिन्न बाली लगाउने गरेका छन्। सो क्षेत्रमा अहिले गाँजा, तोरीलगायत अन्य बालीहरू लगाइएको छ।

# त्रिविविका सबै सम्पत्ति फिर्ता ल्याउने

प्रस, वीरगंज, ३ पुस/

प्रधानमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले त्रिविविका सबै सम्पत्ति फिर्ता ल्याएर छाड्ने प्रतिबद्धता जाहेर गरेका छन्।

त्रिविविको जग्गा तथा सम्पत्ति खोजबीन आयोगले बुधवार बुझाएको प्रतिवेदन उनले कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने– त्रिविविको जग्गा उसकै नाममा ल्याइनेछ र हिनामिना गर्ने जोकोहीलाई पनि कानूनको दायरामा ल्याइनेछ।

शारदाप्रसाद त्रितालको नेतृत्वमा त्रिविविको जग्गा तथा सम्पत्ति खोज्न आयोग बनेको थियो। २०७६ सालमा ललिता निवासको जग्गा खोजबीन गर्न मन्त्रिपरिषद्बाट शारदाप्रसाद त्रितालको नेतृत्वमा आयोग गठन भएको थियो। ललिता निवासको जग्गा अहिले सरकारको नाममा ल्याउने प्रक्रियाबारे मुद्दा चलिरहेको छ। त्यसपछि त्रिविविको जग्गा तथा सम्पत्ति खोजबीन गर्न त्रितालकै नेतृत्वमा आयोग बनेको हो।

## चतुर्वेदी इन्चार्जमा मनोनीत

प्रस, वीरगंज, ३ पुस/

जसपा नेपाल, पर्साले वीरगंज महानगर–२५ का वडाध्यक्ष आशुतोष चर्तुवेदीलाई पर्सा क्षेत्र नं २ को क्षेत्रीय इन्चार्ज र वडा नं १४ का अध्यक्ष महबुब एलाहीलाई क्षेत्र नं १ (क) को अध्यक्षमा मनोनीत गरेको छ।

जसपा, पर्सा अध्यक्ष रामनरेश यादवले बुधवार एक कार्यक्रमबीच वडाध्यक्षद्वय चतुर्वेदी र एलाहीलाई मनोनीतपत्र प्रदान गरेका थिए।

कार्यक्रममा जसपाका नेता सिंहासन साह कलवार, सुरेन्द्र कुर्मी, वडाध्यक्ष रितेशकुमार गुप्तालगायतको सहभागिता थियो।

## सुक्खा बन्दरगाहबाट ...

महामारी र त्यसपछि राष्ट्र बैंकले जारी गरेको चालू पूँजी कर्जा नीतिबाट उद्योगधन्दामा छाएको मन्दीको कारण आयातीत वस्तुको परिमाणमा कमी आएको हो।

वीरगंजका व्यवसायीहरूका अनुसार कुनै पनि व्यवसाय गर्नको लागि पहिले बैंकबाट ऋण लिएर व्यवसाय गर्न सजिलो थियो भने अहिले व्यवसायीको समेत केही प्रतिशत गल्ला आवश्यक भए मात्र मालसामान आयात गर्न सकिने व्यवस्था लागू भएकोले शतप्रतिशत कर्जा लिएर व्यवसाय गर्नुपर्ने भएकोले जोखिम मोलेर मालसामान आयात नगरेको बताउँछन्।

बन्दरगाहबाट मालसामान आयातमा भएको गिरावटले राजस्व सङ्कलनमा समेत नकारात्मक असर पर्ने गरेको छ। लक्ष्यको तुलनामा चालू आवको हरेक महीनामा राजस्व सङ्कलन नहुने गरेको भन्सारका कर्मचारीहरू बताउँछन्।

## फोहरमैलाको उचित व्यवस्थापन गरौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाइ प्रयोग गरौं,
- पुनर्प्रयोग हुन सक्ने वस्तु (जस्तैः प्लास्टिकका डिब्बा, झोला आदि) पुनर्प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लास्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लास्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,
- शहर तथा गाउँ स्वच्छ र सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




# खेलकूदको संसार

## कर्णाली याक्स एनपिएलको क्वालिफायरमा प्रवेश

काठमाडौं, ३ पुस/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत बुधवार इलिमिनेटर खेलमा कर्णाली याक्सले चितवन राइनोजलाई २१ रनले पराजित गर्दै प्रतियोगिताको दोस्रो क्वालिफायरमा पुगेको छ।

जीतसँगै कर्णाली याक्सले फाइनल प्रवेशका लागि पहिलो क्वालिफायरको पराजित टोली जनकपुर बोल्ट्ससँग बिहीवार खेल्नेछ। यस खेलको विजेता टोली भने प्रतियोगिताको फाइनलमा पुग्नेछ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज कर्णाली याक्सले दिएको १७६ रनको विजयी लक्ष्य पछ्याएको चितवन राइनोज निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १५४ रनमा समेटियो। चितवनका लागि रवि बोपाराले सर्वाधिक ५३ रनको योगदान दिए। उनले ३४ बल खेल्दै तीन चौका र चार छक्काको सहयोगमा ५३ रन बनाए।



त्यसैगरी, कप्तान कुशल मल्लले २१ रन बनाए भने विपिन रावलले १८ रन जोडे। लुक बेनकिस्टेनले १६ रन बनाए भने शरद भेष्वाकरले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन जोड्न सकेनन्। बलिङतर्फ कर्णाली याक्सका जिसन मकसूदले तीन विकेट लिए भने सोमपाल कामी र नन्दन यादवले समान दुई/दुई विकेट लिए। त्यस्तै, विपिन शर्माले एक विकेट झारे।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णाली याक्सले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १७५ रनको योगफल बनाएको थियो। कर्णालीका लागि जयकिशन कोल्सावालाले सर्वाधिक ५३ रनको योगदान दिए। उनले ३९ बलमा छ चौका र दुई छक्काको सहयोगमा ५३ रन बनाएका थिए।

त्यसैगरी, विल बसिस्टोले ५२ रन बनाउँदा चाडविक वाल्टनले अविजित ४६ रन जोडे। त्यस्तै, जिसन मकसूदले १४ रन बनाए। चितवनका लागि सोहेल तनवीरले दुई विकेट लिए भने शरद भेष्वाकर, कुशल मल्ल र रवि बोपाराले समान एक/एक विकेट लिए। यस अघि भएको लिग चरणको खेलमा पनि कर्णाली याक्सले चितवन राइनोजलाई पराजित गरेको थियो।

## सुदूरपश्चिम रोयल्स फाइनलमा

जनकपुर बोल्ट्सलाई आठ विकेटले पराजित गर्दै सुदूरपश्चिम रोयल्स एनपिएल क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा १४० रनको विजयी लक्ष्य पछ्याएको सुदूरपश्चिम रोयल्सले १८ दशमलव तीन ओभरमा दुई विकेट गुमाएर १४१ रन बनाउँदै लक्ष्य पूरा गरेको छ।

सुदूरपश्चिमका लागि विनोद भण्डारीले सर्वाधिक ५८ रनको योगदान दिए। उनले ५५ बल खेल्दा तीन चौका र तीन छक्का प्रहार गरे। त्यस्तै, कप्तान दीपेन्द्र सिंह ऐरीले अविजित २० रन बनाए। उनले १६ बल खेल्दै एक चौका र एक छक्का प्रहार गरे। त्यसैगरी, सैफ जैबले २१ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३२ रन बनाए। ब्रेन्डन मक्मूलनले १९ बलमा एक चौका र एक छक्काको सहयोगमा २५ रन जोडे।

बलिङतर्फ जनकपुरका ललित राजवंशी र किशोर महतोले समान एक/एक विकेट लिए। त्यस अघि टस जितेर पहिला ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १३९ रनको योगफल बनाएको थियो। जनकपुरका लागि जिमी नीशमले २३ बल खेल्दै तीन चौका र तीन छक्काको मदतमा सर्वाधिक ४५ रन बनाए। त्यस्तै, शुभ कंसाकारले २४ बलमा २६ रन जोडे। लाहिरू मिलन्था र हर्ष ठाकरले समान १२/१२ रन जोडे भने आसिफ शेख र अरनिको यादवले समान ११/११ रन बनाए।

बलिङतर्फ सुदूरपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरीले तीन विकेट लिए भने सैफ जैबले दुई विकेट लिए। त्यस्तै, स्कट कुगेलेइन र अविनाश बोहराले समान एक/एक विकेट लिए। लिग चरणको खेलमा पनि सुदूरपश्चिमले जनकपुरलाई पराजित गरेको थियो। यो हारसँगै जनकपुरले फाइनल प्रवेशका लागि पुनः मौका पाउनेछ।

भोलि हुने दोस्रो क्वालिफायरमा इलिमिनेटरको विजेता कर्णाली याक्स र जनकपुरले खेल्नेछन्। दोस्रो क्वालिफायरको विजेता र सुदूरपश्चिमले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ।

## फाल्गुनन्द गोल्डकपको तयारी पूरा

पाँचथर, ३ पुस/रासस

फिदिममा यही पुस ६ गतेदेखि सञ्चालन हुने फाल्गुनन्द गोल्डकप फूटबल प्रतियोगिताको तयारी पूरा भएको छ।

प्रतियोगिता आयोजक फिदिम स्पोर्टिङ क्लबका अनुसार विजेता टोलीले रु १० लाख ५५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, उपविजेता टोलीले रु पाँच लाख पाँच ५५५ पुरस्कार प्राप्त गर्नेछ। प्रतियोगितामा 'ए' डिभिजनका चारसहित १० फूटबल टोलीले सहभागिता जनाउने तय भएको आयोजक क्लबका अध्यक्ष दीपेन्द्र थापामगरले जानकारी दिए।

प्रतियोगितामा 'ए' डिभिजनका मच्छिन्द्र फूटबल क्लब, न्यु रोड टीम (एनआरटी) फूटबल क्लब, चर्च ब्वाइज युनाइटेड र विभागीय टोली त्रिभुवन आर्मी फूटबल क्लब सहभागी हुने भएका छन्। यस्तै, आयोजकसहित विराटनगर सिटी फूटबल क्लब मोरङ, झापा–११ फूटबल क्लब झापा, न्यु स्टार क्लब सुनसरी, सहलेश युवा क्लब सिराहा र खरसाँग फूटबल क्लब भारत सहभागी हुने भएका छन्।

आयोजकले प्रतियोगिताको खेलतालिका सार्वजनिक गरेको छ। त्यस अनुसार उद्घाटन खेलमा पुस ६ गते आयोजक फिदिम स्पोर्टिङ क्लब र खरसाँग फूटबल क्लब भारतबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल पुस १५ गते हुनेछ।

प्रतियोगितामा विजेता र उपविजेता टोलीका अतिरिक्त सर्वोत्कृष्ट खेलाडी तथा विधागतरूपमा उत्कृष्ट खेलाडीसमेत पुरस्कृत हुनेछन्। प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले एक थान इभी स्कूटर प्राप्त गर्नेछन् भने सर्वाधिक गोलकर्ताले रु १५ हजार, प्रत्येक खेलका उत्कृष्ट खेलाडी (म्यान अफ दी मयाच)ले रु १० हजारका दरले पुरस्कार प्राप्त गर्नेछन्।

यस्तै, विधागततर्फ उत्कृष्ट ठहरिएका गोलरक्षक, रक्षक, मिडफिल्डर, फरवार्ड, प्रशिक्षक र उदीयमान खेलाडीले रु १० हजारका दरले पुरस्कार प्राप्त गर्ने अध्यक्ष थापामगरले जानकारी दिए।

विसं २०६५ देखि सञ्चालित प्रतियोगिता फिदिम माध्यमिक विद्यालयको खेलमैदान भत्किएपछि २०७६ सालदेखि स्थगित भएको थियो। छ वर्षपछि आयोजकले प्रतियोगितालाई निरन्तरता दिन लागेको हो। किराँत धर्मगुरु तथा १६औं राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देनको साधनास्थल लब्रेकुटी, समाधीस्थल सिलौटीसहितका धार्मिक पर्यटकीय गन्तव्यको प्रचार गर्ने, स्थानीय खेलकूदको विकास गर्ने उद्देश्यले प्रतियोगिता सञ्चालित छ। प्रतियोगिताको मुख्य प्रवर्द्धक फिदिम नगरपालिका रहेको छ।

प्रतियोगिता सञ्चालनका लागि आयोजकले फिदिम माध्यमिक विद्यालयको खेलमैदान मरम्मत गर्नुका साथै बाँसको प्रयोग गरी दर्शकका लागि अस्थायी परापिट निर्माण गरेको छ। पारापिटमा पाँच हजार दर्शक बस्न सक्ने आयोजकको भनाइ छ। खेलमैदानको व्यवस्थापनसहित प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ।